का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ कात्तिक २०८३
सोमबार
26 October 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २६९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आजबाट ‘क्रिकेट मेला’




तेस्रो संस्करणको एनपिएल विजेताले एक करोड ५० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। उपविजेताले ८० लाख रुपैयाँ पाउनेछ भने तेस्रो हुने टोलीले ४० लाख र चौथो हुने टोलीले ३० लाख रुपैयाँ प्राप्त गर्नेछ।

**उद्घाटन खेल**
लुम्बिनी लायन्स भर्सेस सुदूरपश्चिम रोयल्स
*साँझ ५:०० बजे*

## बिदेसी खेलाडी






■ **कर्णाली याक्स**
डेभिड मिलर (दक्षिण अफ्रिका)
साहिबजादा फरहान (पाकिस्तान)
आरिफुल इस्लाम (बंगलादेश)
मार्क वाट (स्कटल्यान्ड)
मोहम्मद अकबर अली (बंगलादेश)
हुसेन तलत (पाकिस्तान)

■ **काठमाडौं गोर्खाज**
डेभिड वार्नर (अस्ट्रेलिया)
केएस भरत (भारत)
सहान अराच्चिगे (श्रीलंका)
स्मित पटेल (अमेरिका)
विलियम बोसिस्टो (अस्ट्रेलिया)

■ **विराटनगर किंग्स**
आन्द्रे रसेल (वेस्ट इन्डिज)
एन्जेलो माथ्युज (श्रीलंका)
चरिथ असलंका (श्रीलंका)
सुभम रन्जने (अमेरिका)

■ **जनकपुर बोल्ट्स**
जिमी निसम (न्युजिल्यान्ड)
मोइन अली (इंग्ल्यान्ड)
हरमित सिंह (अमेरिका)
इफ्तिखार अहमद (पाकिस्तान)
हुनाइन शाह (पाकिस्तान)

■ **सुदूरपश्चिम रोयल्स**
सेरेफन रदरफोर्ड (वेस्ट इन्डिज)
फेबियन एलेन (वेस्ट इन्डिज)
ब्रान्डन म्याकमुलन (स्कटल्यान्ड)
सैफ अली जेब (इंग्ल्यान्ड)
स्कट कुगेलेइन (न्युजिल्यान्ड)

■ **चितवन राइनोज**
सिकन्दर राजा (जिम्बाब्वे)
कलिम साना (क्यानडा)
रवि बोपारा (इंग्ल्यान्ड)
उसामा मिर (पाकिस्तान)
कामिल मिसारा (श्रीलंका)

■ **लुम्बिनी लायन्स**
डार्सी सर्ट (अस्ट्रेलिया)
डिकवेला निरोगन (श्रीलंका)
रुबेन ट्रम्पलमेन (नामिबिया)
च्याडले भान साल्कविक (अमेरिका)
समिम होसेन (बंगलादेश)

■ **पोखरा एभेन्जर्स**
साकिब अल हसन (बंगलादेश)
चमिका करुणारत्ने (श्रीलंका)
धनञ्जय लक्षण (श्रीलंका)
महेदी हसन (बंगलादेश)
मोहम्मद सैफुद्दिन (बंगलादेश)

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करण सोमबारदेखि कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सुरु हुँदै छ। साबिक विजेता लुम्बिनी लायन्स र साबिक उपविजेता सुदूरपश्चिम रोयल्सबीच साँझ ५ बजे उद्घाटन खेल हुनेछ।

कात्तिक ९ देखि मंसिर ५ गतेसम्म चल्ने लिगमा लिग चरण, प्लेअफका तीन खेल र फाइनलसहित ३२ खेल हुनेछन्। दिउँसो हुने खेल साढे १२ बजे सुरु हुनेछ भने रातिका खेल ५ बजे हुनेछ। एनपिएलका सबै खेल नेपालमा स्टार स्पोर्ट्ससँगै हिमालय स्पोर्ट्सबाट प्रत्यक्ष प्रसारण हुनेछन् भने अनलाइन दर्शकका लागि नेटटिभी ओटिटी प्लेटफर्ममार्फत उपलब्ध हुनेछ।

नेपाल क्रिकेट संघ (क्यान)ले एनपिएलको तेस्रो संस्करणका खेलहरूको टिकट मूल्य यसअघि नै सार्वजनिक गरिसकेको छ। क्यानले लिग चरणका खेलका लागि साधारण टिकट पाँच सय रुपैयाँ र प्रिमियम टिकट एक हजार रुपैयाँ निर्धारण गरेको छ। त्यसैगरी, इलिमिनेटर तथा फाइनल खेलका लागि साधारण टिकटको मूल्य एक हजार रुपैयाँ र प्रिमियम टिकटको मूल्य दुई हजार रुपैयाँ निर्धारण गरिएको छ। गत बिहीबार साँझदेखि बिक्री खुला गरिएको उद्घाटन खेलको टिकट पनि सोल्ड आउट भइसकेको छ।

आइतबार कीर्तिपुरमा पत्रकार सम्मेलन आयोजना गर्दै क्यानले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ। पत्रकार सम्मेलनमा क्यानका सचिव पारस खड्काले प्रतियोगिता सञ्चालनका लागि आवश्यक सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय काम अन्तिम चरणमा पुगेको स्पष्ट पारे। खड्काका अनुसार पृष्ठ २ मा

## आइसिसीको मान्यता, डिआरएसको प्रवेश

एनपिएलको तेस्रो संस्करणलाई आइसिसीले आधिकारिक मान्यता दिइसकेको छ। यसअघिका दुई संस्करणलाई भने आइसिसीले आधिकारिक मान्यता दिएको थिएन। सन् २०२६ अक्टोबर १६ मा प्राप्त मान्यतासँगै तेस्रो संस्करणका सबै खेलले आधिकारिक टी-२० मान्यता पाउनेछन्। यसको अर्थ प्रतियोगितामा खेलाडीले बनाएका रन, लिएका विकेट र स्थापित गरेका व्यक्तिगत कीर्तिमान आधिकारिक टी-२० करियर तथ्यांकमा गणना हुनेछन्।

आधिकारिक मान्यताले एनपिएलको विश्वसनीयता बढाउँछ, अन्तर्राष्ट्रिय खेलाडीलाई प्रतियोगितामा सहभागी हुन प्रोत्साहित गर्छ र नेपाली खेलाडीको प्रदर्शनलाई अन्तर्राष्ट्रिय क्रिकेट अभिलेखमा जोड्छ। यसले विदेशी टोली, प्रशिक्षक र प्रतिभा खोज्ने विश्लेषकको ध्यान नेपाली खेलाडीमा पर्न सक्ने सम्भावना पनि बढाउँछ। पृष्ठ २ मा



प्रतियोगिताको करिब ९५ देखि ९९ प्रतिशत तयारी पूरा भइसकेको छ। आइसिसीबाट स्वीकृति प्राप्त भएसँगै प्रतियोगिताको जिम्मेवारी पनि बढेको छ।

■ **पारस खड्का**
**सचिव, नेपाल क्रिकेट संघ**



एनपिएलको तेस्रो संस्करणको एक महिनाको अवधिमा समग्र आर्थिक कारोबार करिब डेढ अर्ब रुपैयाँ पुग्ने अनुमान छ।

■ **पदम खड्का**
**कोषाध्यक्ष, नेपाल क्रिकेट संघ**

## विवाहेतर सम्बन्धले डिभोर्सदेखि हत्यासम्मका घटना

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

धनुषाको मिथिला बिहारी नगरपालिका-४ भरतपुरका ३५ वर्षीय उमेश यादव वैदेशिक रोजगारीबाट घर फर्किएको केही महिनायता श्रीमती रीनादेवी यादवसँग उनको दिनहुँ झगडा हुन थाल्यो। विवाद बढ्दै गएपछि रीना चार वर्षीय छोरालाई लिएर मिथिलेश्वरस्थित माइतीघरमा बस्न थालिन्।

घरको विवाद माइतीसम्मै पुग्यो। शनिबार साँझ उमेश ससुराली पुगे। त्यहीँ भएको पारिवारिक विवादले आइतबार बिहान भयावह रूप लियो। उमेशले धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरे। त्यसपछि उनले पनि आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

> परपुरुष वा परस्त्रीसँगको सम्बन्धकै कारण नेपाल फर्किएपछि श्रीमान्ले श्रीमतीको वा श्रीमतीले श्रीमान्/ प्रेमीको हत्या गरेका वा अपराध सुपाडी दिएर गराएका कैयौं घटना प्रहरी अनुसन्धानले देखाएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा डिएसपी ओमप्रकाश खनालका अनुसार वैदेशिक रोजगारीबाट फर्किएपछि उमेश र रीनाबीच निरन्तर विवाद हुँदै आएको थियो। शनिबार मध्यराति पुनः विवाद भएपछि उमेशले रीनाको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। ‘श्रीमान् वैदेशिक रोजगारीबाट आएको बुझिएको छ,’ खनालले भने, ‘श्रीमान्-श्रीमतीबीच दिनहुँ हुने घरझगडाका कारण यो घटना भएको देखिन्छ।’ घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए।

उमेश र रीनाको विवादले ज्यानै जाने अवस्था सिर्जना हुँदा उनीहरूका चार वर्षीय छोरा पनि घाइते भएका छन्। बालकमाथि समेत धारिलो हतियार प्रहार भएको थियो। पृष्ठ २ मा

## राष्ट्रवादबारेको अभिव्यक्तिले फेरि विवादमा वाग्ले

तीन वर्षअघि डा. स्वर्णिम वाग्लेले ‘साउथ एसियन मनरो डक्ट्रिन’को प्रसंग उठाएका थिए। त्यसप्रति कतिपयले राख्दै आएको शंका मेटिन नपाउँदै वाग्लेले ‘नेपालमा राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोड्ने युग सकियो’ भन्ने अभिव्यक्ति दिएका हुन्।





> भारतविरोधी अन्ध-राष्ट्रवाद गलत हो, त्यसमा दुईमत छैन। तर, भारतविरोधी नहुनुको अर्थ नेपालका वास्तविक आर्थिक र भौगोलिक चासोहरूलाई बिर्सेर भारतीय संस्थापनकै बोलीमा बोली मिलाउनु होइन।

● **डा. तारा भुसाल**
**अर्थशास्त्रका प्राध्यापक, त्रिभुवन विश्वविद्यालय**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राष्ट्रियता र भारतसँगको सम्बन्धबारे दिएको अभिव्यक्तिलाई लिएर नेपालमा बचाउ र विरोध सुरु भएको छ। भारत भ्रमणका क्रममा डा. वाग्ले नयाँदिल्लीमा आयोजित एनडिटिभी वर्ल्ड समिट २०२६ मा सहभागी भएका थिए। त्यसक्रममा उनले नेपाली राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोड्ने युग सकिएको बताएका हुन्।

योसँगै नेपालमा पक्ष र विपक्षमा बहस सुरु भएको हो। विभिन्न राजनीतिक दलका नेता र अर्थशास्त्रीले डा. वाग्लेको अभिव्यक्तिमाथि प्रश्न उठाएका छन्। रास्वपाका कतिपय नेता/कार्यकर्ताले भने उनमको बचाउ गरेका छन्।

नयाँदिल्लीमा आयोजित एनडिटिभी वर्ल्ड समिटमा आयोजित संवादका क्रममा वाग्लेले नेपाल र भारतबीच भौगोलिक निकटतासँगै गहिरो सांस्कृतिक सम्बन्ध रहेको बताए। दुई देशबीच कहिलेकाहीँ समस्या देखिए पनि सम्बन्ध असाधारण रूपमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेशको कैद नेपालमै भुक्तानको व्यवस्था मिलाउन सर्वोच्चको परमादेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ कात्तिक

सर्वोच्च अदालतले वैदेशिक रोजगारका क्रममा भएको कैद नेपालमा भुक्तान गर्ने व्यवस्थादेखि अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउने सम्मका नीतिगत व्यवस्था गर्न नेपाल सरकारका नाममा परमादेश जारी गरेको छ। अधिवक्ता प्रेमचन्द्र राईले दायर गरेको रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतले नेपाल सरकार, परराष्ट्र मन्त्रालयको नाममा उक्त आदेश जारी गरेको हो।

हालै सार्वजनिक फैसलाको पूर्णपाठमा सर्वोच्चले वैदेशिक रोजगारमा गई न्यायिक कारबाहीका क्रममा विदेशस्थित कारागारमा रहेका नेपाली कामदारलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराई परिवारका सदस्यसँग दूतावासमार्फत नियमित भेटघाट तथा सम्पर्कका लागि आवश्यक व्यवस्था मिलाउन भनेको छ।

‘विदेशी कारागारमा रहेका कामदारहरू के कसरी, कुन मुद्दामा, कति समयका लागि कारागारमा रहने हो र कारागारबाट छुट्ने समय कहिले हो ? सो कुरासमेत निजका परिवार र आफन्तलाई अनिवार्य जानकारी गराउने व्यवस्था मिलाउनू,’ भन्दै फैसलामा अगाडि भनिएको छ, ‘कामदारलाई लागेको कैद भुक्तानीका लागि पारस्परिक कानुनी सहायता ऐनले गरेको व्यवस्थाबमोजिम आफ्नै मुलुकमा कैदमा बसी सजाय भुक्तान गर्न पाउने व्यवस्थाका लागि मृत्युदण्डको सजायलाई कैदमा परिणत गरी कैदी हस्तान्तरण गर्ने तथा कामदारहरूको जीवनरक्षा गर्न ब्लड मनी तिरिदिने समेतका लागि संस्थागत र कानुनी व्यवस्था मिलाउनू।’

सर्वोच्चले विदेशमा कामदारका रूपमा जाँदा दिइने अभिमुखीकरण तालिममा गन्तव्य मुलुकमा गएर गर्नुपर्ने काम र अपराध गरेमा पाउने सजायसम्बन्धी तथा सो मुलुकका बारेमा समेत जानकारी दिन आदेश दिएको छ। सर्वोच्चले वैदेशिक रोजगारसम्बन्धी ऐन, नियम तथा निर्देशिकाहरूमा समसामयिक रूपमा परिवर्तन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने पृष्ठ २ मा

स्थानीय चुनाव

# शक्ति फर्काउने प्रयासमा तीन दल

**सरकारले स्थानीय तहको निर्वाचन केही समय अघि सार्ने तयारी गरेसँगै सत्तारुढ दल रास्वपाले दसैंको मौकामा चुनावकेन्द्रित अभियान चलाएको छ। त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाले पनि स्थानीय तहमा आफ्नो शक्ति कायमै राख्न चुनावी रणनीति बनाउने अभियान थालेका छन्।**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक



महाधिवेशनले पार्टीको नीति र नेता तय गरेको छ। सोही नीतिका आधारमा नेताले आवश्यक रणनीति तय गरी स्थानीय र प्रदेशसभाको निर्वाचनकेन्द्रित अभियान जनतामाझ लान्छौं।

**● मधु आचार्य**
**उपसभापति, नेपाली कांग्रेस**



चुनावको तयारीका निम्ति पुस मसान्तभित्र देशभरका सबै स्थानीय तह र वडाहरूको अधिवेशन एकैसाथ सक्नेगरी तयारी गरेका छौं। नयाँ कार्यक्रम केही बनाएको छैन।

**● पद्मा अर्याल**
**सचिव, नेकपा एमाले**



राष्ट्रिय जागरण अभियान पार्टी संगठन निर्माण, जनताका सुझाव संकलन र विगतका कमजोरी सच्याउने अभियान हो। यसले आगामी स्थानीय तहको चुनावलाई समेत सहयोग पुऱ्याउँछ।

**● प्रकाश ज्वाला**
**प्रवक्ता, नेकपा**

'विगतका कमजोरी र उपलब्धिको समीक्षा अब नेताहरूले मात्रै गरेर पुग्दैन, जनताको तहमा पुगेर उनीहरूकै मुखबाट आलोचना सुन्ने र त्यसलाई आत्मसात् गर्नुपर्छ,' शनिबार नेकपाका संयोजक प्रचण्डले भने। राष्ट्रिय जागरण अभियानको उद्घाटन गर्दै उनले देशका तमाम अप्ठ्यारालाई पार गर्न नयाँ संकल्पसहित अघि बढ्ने बताए।

सत्तासीन र प्रतिपक्षी सबै राजनीतिक दलहरू बिस्तारै स्थानीय तहको निर्वाचन केन्द्रित अभियानमा अघि बढेका छन्। त्यसैको तयारीस्वरूप नेकपाले दुईमहिने राष्ट्रिय जागरण अभियान प्रारम्भ गरेको हो। संयोजक प्रचण्डले नेता-कार्यकर्तालाई जनताका बीचमा विनम्र भएर जान र भाषणभन्दा कामबाट विश्वास जित्न निर्देशन दिएका छन्। नेकपाको जागरण अभियान मंसिर २५ गतेसम्म देशव्यापी सञ्चालन हुनेछ। पार्टीमा नेतामुखी तथा केन्द्रमुखी प्रवृत्ति बढेको स्विकार्दै, विगतका कमजोरीप्रति आत्मालोचित बन्ने र जनजीविकाका सवाललाई उठाउन जागरण अभियान प्रारम्भ गरेको नेकपाका प्रवक्ता प्रकाश ज्वालाले बताए। 'राष्ट्रिय जागरण अभियान पार्टी संगठन निर्माणको अभियान हो,' उनले भने, 'यससँगै आगामी स्थानीय तहको चुनावसमेत जोडिएर आउँछ। जनताका सुझाव लिन र विगतका कमजोरीलाई सच्याउन अभियानले मद्दत गर्ने विश्वास छ।'

नेपाली कांग्रेसले यसअघि नै १५औं महाधिवेशनमार्फत नीति र नेता बदलेर नागरिकमाझ आफूलाई नयाँ र भरोसायोग्य बनाउने प्रयास गरेको छ। महाधिवेशनले कांग्रेसलाई पूर्ण रूपमा पुस्तान्तरण र रूपान्तरण गरेको देखाएको छ। यद्यपि कांग्रेसको पुराना पुस्ताको एउटा समूह भने अझै बाहिरै छ। पार्टीको मूल नेतृत्वदेखि केन्द्रीय समितिमा आएका अनुहारमा युवा र विज्ञहरूको वर्चस्व देखिन्छ। 'परम्पराको सम्मान, परिर्वतको संकल्प समुन्नत नेपालका लागि सबल कांग्रेस अबको विकल्प' नारा तय गरेको कांग्रेसप्रति नागरिकको मन फर्किएको कांग्रेसकी महामन्त्री डा. डिला संग्रौला पन्तले बताइन्। यसले कांग्रेसलाई नागरिकको भरोसायोग्य पार्टी बनाउन सफल हुने उनको दाबी छ। 'कांग्रेस बोलीमा मात्रै होइन, व्यवहारमा पनि रूपान्तरण र पुस्तान्तर भइसकेको छ,' उनले मध्यान्हसँग भनिन्, 'सरकारको कार्यशैलीप्रति जनतामा असन्तुष्टि बढ्दै गएको अवस्थामा कांग्रेसको १५औं महाधिवेशनले तय गरेका नीति कार्यक्रमले अबको विकल्प कांग्रेस हो भन्ने बनाएको छ। यसलाई अभियानका रूपमा लान्छौं।'

पार्टी सभापति गगन थापाले कांग्रेस विगतमा जस्तो सत्तामुखी नभई जनमुखी भएर नागरिकको सेवा गर्न तयार रहेको बताउँदै आएका छन्। उनले चुनाव हारे पनि कांग्रेसलाई विगतदेखि नै एउटा राजनीतिक दल मात्रै नभई राष्ट्रिय शक्ति भएको







दाबी गर्दै आएका छन्। गत प्रतिनिधिसभाको निर्वाचनमा अकल्पनीय हार व्यहोरेको कांग्रेसले केन्द्रीय समितिको पदस्थापनालगत्तै बैठक बसेर आगामी स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा जनमत जित्ने योजनासहितका रणनीति तय गर्ने जनाएको छ।

आगामी जेठमा गर्ने स्थानीय तहको निर्वाचन केही समय अघि गर्ने सरकारको तयारी छ। सोहीअनुसार निर्वाचन आयोगले समेत फागुन/चैतभित्रै निर्वाचन गराउन सक्ने बताएको छ। यही निर्वाचनलाई लक्षित गर्दै दलहरू तातेका हुन्। सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चुनाव केन्द्रित अभियानलाई दसैंसँगै गाउँ केन्द्रित गरिसकेको छ। कांग्रेस र नेकपाले पनि आफ्नो तयारी अघि बढाउँदै गर्दा नेकपा एमाालेले पनि पार्टीपंक्तिलाई स्थानीय चुनावी अभियानमा होमिन निर्देशन दिएको छ। जिल्ला तहका नेता-कार्यकर्तालाई जनतासँग पुगेर स्थानीय अवस्था र आवश्यकताका आधारमा रणनीति तय गर्न निर्देशन गरेको नेकपा एमालेकी सचिव पद्मा अर्यालले बताइन्। 'चुनावको तयारीका निम्ति पुस मसान्तभित्र देशभरका सबै स्थानीय तह र वडाहरूको अधिवेशन एकैसाथ सक्नेगरी तयारी गरेका छौं,' उनले भनिन्, 'जनतासँग एमालेको पुरानै अभियानलाई निरन्तरता दिएका छौं। अरू नयाँ कार्यक्रम भनेर पार्टी केन्द्रले केही तय गरेको छैन।'

सरकार नागरिकका पक्षमा काम गर्नेभन्दा पनि एमालेलगायत जनताका पक्षमा अभियान चलाउने राजनीतिक दलहरूप्रति राजनीतिक प्रतिशोध साध्ने काममा तल्लीन भएको उनले दाबी गरिन्। 'आगामी स्थानीय तहको निर्वाचनमा मतदाताले रास्वपालाई बहिष्कार गर्ने र विगतदेखि जनताको सेवामा लागेका दलका प्रतिनिधिलाई मतदान गर्ने पक्का छ,' उनको भनिन्। एमालेलाई जनताको माया कायमै रहेकाले आगामी चुनावी रणनीतिभन्दा जनताका समस्याका विषयमा एमालेले कार्यक्रम ल्याउने अर्यालको भनाइ छ।

### 'फेस टु फेस'को रणनीतिमा कांग्रेस

असोजको अन्तमा पार्टीको १५औं महाधिवेशन सम्पन्न गरेको नेपाली कांग्रेसले नागरिकसँग 'फेस टु फेस'को राजनीतिक रणनीति बनाउँदै छ। पछिल्लो समय सामाजिक सञ्जालमार्फत लोकप्रियतावादी बन्ने राजनीतिक परिदृश्यहरू छन्। यसले नागरिक तहको संवाद र समस्या बुझ्नेभन्दा पनि एल्गोरिदमकै आधारमा उम्मेदवार नचिनी मतदान गर्नेहरू गराउने लहड चलेको राजनीतिज्ञहरू बताउँछन्। जसबाट नागरिकका समस्या समाधान नहुने नेताहरूको दाबी छ। 'कांग्रेस फेसबुके राजनीति गर्दैन, फेस टु फेसको राजनीति गर्छ,' उपसभापति मधु आचार्यले भने। १५औं महाधिवेशनले कांग्रेसको नीति र नेताको निर्णय गरेको भन्दै उनले यो महाधिवेशनलाई आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनको तयारीका रूपमा समेत लिएको बताए।

सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको प्रतिवेदनलाई महाधिवेशनले पारित गरेको थियो। सोही राजनीतिक प्रतिवेदनमा समेटिएका नीति नै पार्टीको मूल नीति भएको कांग्रेसको दाबी छ। उपसभापति आचार्यले कांग्रेस राजनीतिक दल दर्ताका हिसाबले २००३ सालको भए पनि २०८३ को राजनीतिक चेतसहितको कर्म लिएर अघि बढेको बताए। 'कांग्रेस जन्मका हिसाबले २००३ साल भए पनि राजनीतिक चेत र कर्मका आधारमा सबैभन्दा नयाँ पार्टी हो,' उनले भने, '२००३ सालदेखिको राजनीतिक अनुभव र ०८३ को राजनीतिक चेतसहितको नयाँ नेतृत्वले कांग्रेसको इतिहासलाई सँगै लिएर भविष्य निर्माण गर्नेछ।' पार्टीका नवनिर्वाचित केन्द्रीय समितिको शपथलगत्तै बैठक बसेर आवश्यक रणानीति तय गरी स्थानीय र प्रदेशसभाको निर्वाचन केन्द्रित अभियान लिएर जनतामाझ जाने उनले बताए। कांग्रेसले कात्तिक १२ मा केन्द्रीय समितिको शपथग्रहण कार्यक्रम तय गरेको छ। १५औं महाधिवेशनले तय गरेका नीति कार्यक्रमले देशको मूल राजनीतिक शक्ति नेपाली कांग्रेस भएको सन्देश दिएको नेताहरूको दाबी छ।

### राष्ट्रिय जागरण अभियानमा नेकपा

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) महाधिवेशन छाडेर जागरण अभियानमा लागेको छ। २४ वटा वाम घटकबीच एकता र तालमेलपश्चात् गत असोजमै गर्ने भनेको पार्टीको महाधिवेशन अलपत्र पारेको छ। महाधिवेशनको कुनै निर्णय नगरेको नेकपाले राष्ट्रिय जागरण अभियान थालेको हो।

नेकपाले पार्टीको महाधिवेशनभन्दा आगामी निर्वाचनलाई प्राथमिकता दिएको देखिन्छ।

---

**आजबाट...**

यो प्रतियोगिता आइसिसीबाट आधिकारिक स्वीकृति प्राप्त भएकाले यसको प्रत्यक्ष प्रभाव अन्तर्राष्ट्रिय स्तरमै पर्नेछ।

सचिव खड्काले भने, 'प्रतियोगिताको करिब ९५ देखि ९९ प्रतिशत तयारी पूरा भइसकेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)बाट स्वीकृति प्राप्त भएसँगै प्रतियोगिताको जिम्मेवारी पनि बढेको छ। यो प्रतियोगिता सफलतापूर्वक आयोजना गर्न नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, सम्बन्धित मन्त्रालय, सुरक्षा निकाय, स्वयंसेवक, टोली सञ्चालक, सरोकारवाला तथा सञ्चारमाध्यमबाट प्राप्त सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं।'

एनपिएलको तेस्रो संस्करणबाट क्यानअन्तर्गत ७० देखि ७५ करोड रुपैयाँसम्मको आर्थिक कारोबार हुने अनुमान गरिएको छ। क्यानका कोषाध्यक्ष पदम खड्काले एनपिएलको प्रायोजन, टिकट बिक्री तथा अन्य स्रोतबाट क्यानले उक्त परिमाणमा आर्थिक कारोबार गर्ने अनुमान गरिएको जानकारी दिएका हुन्।

उनका अनुसार प्रतियोगिताका लागि प्रायोजनबाट मात्रै करिब २० करोड रुपैयाँ प्राप्त हुने अनुमान छ। टिकेटिङलगायत अन्य स्रोतबाट हुने आम्दानीसमेत जोड्दा क्यानअन्तर्गतको एनपिएलले ७० देखि ७५ करोड रुपैयाँसम्मको आर्थिक कारोबार गर्ने उनको भनाइ छ। फ्रेन्चाइज टोलीका मालिकहरूले पनि प्रतियोगिताका लागि क्यानले गर्ने खर्चकै हाराहारीमा खर्च गर्ने अनुमान गरिएको खड्काले बताए। यसअनुसार एनपिएलको तेस्रो संस्करणको एक महिनाको अवधिमा समग्र आर्थिक कारोबार करिब डेढ अर्ब रुपैयाँ पुग्ने अनुमान रहेको उनले बताए।

खड्काले एनपिएलको तेस्रो संस्करणका लागि पुरस्कार राशि पनि बढाइएको जानकारी दिए। उनका अनुसार प्रतियोगिताको विजेताले एक करोड ५० लाख रुपैयाँ प्राप्त गर्नेछ। उपविजेताले ८० लाख रुपैयाँ पाउनेछ भने तेस्रो हुने टोलीले ४० लाख र चौथो हुने टोलीले ३० लाख रुपैयाँ प्राप्त गर्ने उनले बताए।

पत्रकार सम्मेलनमा क्यानका अध्यक्ष चतुरबहादुर चन्दले प्रतियोगिता हरेक वर्ष थप व्यवस्थित र आकर्षक बन्दै गएको बताए। गभर्निङ काउन्सिल, क्यानका पदाधिकारी, जिल्ला तथा प्रदेश क्रिकेट संघ, सञ्चारमाध्यम, प्रायोजक र आठवटै फ्रेन्चाइज टोलीका मालिकहरूको योगदानले एनपिएल नेपाली क्रिकेटको ब्रान्डका रूपमा स्थापित हुँदै गएको उनको भनाइ छ। उनले एनपिएलमा उत्कृष्ट खेलाडीहरूको सहभागिता, डिसिजन रिभ्यु सिस्टम (डिआरएस) लगायत प्रविधिको प्रयोग र आर्थिक कारोबारको विस्तारले प्रतियोगिताको स्तर बढाएको बताए।

एनपिएलको तेस्रो संस्करणले नेपाली क्रिकेटको व्यावसायिक विकासमा थप योगदान पुऱ्याउने अपेक्षा क्यानले गरेको छ।

यता एनपिएलको सुरक्षाका लागि जिल्ला प्रहरी परिसर काठमाडौंले सुरक्षा योजना बनाएर काम सुरु गरिसकेको छ। जसअन्तर्गत दैनिक एक हजारभन्दा बढी प्रहरी परिचालन हुने भएका छन्। एनपिएलका लागि विभिन्न भागमा वर्गीकरण गरेर सुरक्षा तय गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

खेलाडीसँगै उनीहरू बस्ने होटल, होटलबाट स्टेडियम जाँदा-आउँदाको सुरक्षा, ट्राफिक व्यवस्थापन, स्टेडियम तथा दर्शकको सुरक्षा सबैका लागि योजना तयार रहेको प्रहरीले जनाएको छ। परिसरका अनुसार सिसिटिभीका साथै ड्रोनमार्फत पनि सुरक्षा निगरानी गरिने छ भने डग स्निफिङसमेत गरिनेछ। नेपाल प्रहरीबाहेक बाह्य सुरक्षा घेरामा सशस्त्र प्रहरी पनि खटिने परिसरले बताएको छ।

### विदेशी खेलाडीको आकर्षण

एनपिएलको यस सिजमा सबैभन्दा ठुलो आकर्षण विदेशी खेलाडीको सहभागिता हो। अन्तर र्राष्ट्रिय फ्रेन्चाइज क्रिकेटमा आफ्नो छाप छाडेका खेलाडीहरूले एनपिएलमा सहभागिता जनाउँदै छन्। आइपिएलमा खेलेका र विश्वका विभिन्न टी-२० लिगमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूले एनपिएल खेल्नेछन्।

विराटनगरको स्क्वाडमा वेस्ट इन्डिजका चर्चित अलराउन्डर आन्द्रे रसेल, श्रीलंकाका बायाँहाते ब्याटिङ अलराउन्डर चरिथ असलंकाजस्ता खेलाडी छन् भने जनकपुरतर्फ इंग्ल्यान्डका मोइन अली, न्युजिल्यान्डका जिमी निसमजस्ता चर्चित खेलाडी रहेका छन्। चितवनको तर्फबाट सिकन्दर राजा र रवि बोपाराजस्ता अनुभवी खेलाडी तथा पोखराको तर्फबाट शाकिब अल हसन, महेदी हसन मैदान उत्रनेछन्। लुम्बिनी लायन्समा बंगलादेशका ब्याटिङ अलराउन्डर शामिम हुसेन तथा अमेरिकाका अनुभवी अलराउन्डर साड्ली भान स्काल्कविकजस्ता चर्चित खेलाडी छन् भने कर्णाली याक्सको स्क्वाडमा दक्षिण अफ्रिकाका स्टार क्रिकेटर डेभिड मिलर, पाकिस्तानका साहिबजादा फरहानजस्ता चर्चित खेलाडी रहेका छन्। काठमाडौं गोर्खाजबाट अस्ट्रेलियाका चर्चित क्रिकेटर डेभिड वार्नर र अस्ट्रेलियाका अलराउन्डर विल बोसिस्टोजस्ता खेलाडी छन्। सुदूरपश्चिम रोयल्सले भने सेरफेन रदरफोर्ड, स्कट कुगेलाइनजस्ता चर्चित खेलाडीलाई अनुबन्धन गरेको छ।

विराटनगर किंग्सको नेतृत्व सन्दीप लामिछानेले गरेका छन् भने जनकपुर बोल्ट्स अमेरिकी अलराउन्डर हरमित सिंहको कप्तानीमा मैदान उत्रिँदै छ। चितवन राइनोज कुशल मल्ल, काठमाडौं गोर्खाज करण केसी, पोखरा एभेन्जर्स कुशल भुर्तेल, लुम्बिनी लायन्स रोहित पौडेल, कर्णाली याक्स सोमपाल कामी र सुदूरपश्चिम रोयल्स दीपेन्द्र सिंह ऐरीको कप्तानीमा प्रतिस्पर्धामा उत्रनेछन्।

**आइसिसीको...**

यस्तै, तेस्रो संस्करणमा पहिलोपटक डिसिजन रिभ्यु सिस्टम (डिआरएस) प्रयोग हुने भएको छ। डिआरएसको प्रयोगले खेलका क्रममा अम्पायरबाट हुने निर्णयलाई पुनरावलोकन गर्न सकिनेछ। यसले खेलको निष्पक्षता बढाउनुका साथै निर्णय प्रक्रियालाई थप व्यवस्थित र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ।

डिआरएस क्रिकेटमा प्रयोग हुने आधुनिक प्रविधि हो। खेलका क्रममा अम्पायरले दिएको निर्णयप्रति चित्त नबुझेमा सम्बन्धित टोलीले पुनरावलोकन माग गर्न सक्छन्। यस्तो व्यवस्थाले गलत निर्णय सच्याउन सहयोग पुग्नुका साथै बलिङ टोलीलाई विकेट प्राप्त गर्न र ब्याटिङ टोलीलाई गलत निर्णयका कारण गुमेको विकेट जोगाउन अवसर दिन्छ।

क्यानका अनुसार एनपिएलमा एलबिडब्लु (लेग बिफोर विकेट)सम्बन्धी निर्णय पुनरावलोकन गर्न फुल थ्रिडी बल ट्र्याकिङ प्रविधि प्रयोग हुनेछ। यसका अतिरिक्त रनआउट, स्टम्पिङ र नो बलसम्बन्धी निर्णयको पनि समीक्षा गर्न सकिनेछ। त्यस्तै, कृत्रिम बुद्धिमत्ता (एआई)को माध्यमबाट ब्याटमा बल लागेको छ वा छैन भन्ने एज डिटेक्सन सुविधा पनि उपलब्ध हुनेछ। हाइटका आधारमा वाइड बलको विश्लेषण, छक्का प्रहार भएको बलको दूरी र उचाइ मापन तथा बलिङसम्बन्धी अन्य विश्लेषणात्मक तथ्यांकसमेत उपलब्ध हुने क्यानले जनाएको छ।

प्रत्येक टोलीले एक इनिङमा दुईवटा असफल पुनरावलोकन लिन पाउनेछ। क्यानका सचिव खड्काले यस प्रविधिको लागत करिब डेढदेखि दुई करोड रुपैयाँ पर्ने बताएका छन्, जसलाई क्रिकेट संघ र आठ टोलीले साझेदारी गर्नेछन्।

**विवाहेतर...**

गम्भीर घाइते बालकको प्रादेशिक अस्पतालमा उपचार भइरहेको र अहिले अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। मृतक दम्पतीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ। पारिवारिक सम्बन्धमा आएको दरारले धनुषाको जस्तै घटना गत वर्ष प्युठानमा पनि भएको थियो। प्युठानको सरुमारानी गाउँपालिका-३ गोठेरीमा ३० वर्षीय लीलबहादुर बरालले चक्कु प्रहार गरी पूर्वपत्नी २८ वर्षीया रुक्मनी बरालको हत्या गरेका छन्। रोजगारीका लागि इजरायलमा रहेका बेला रुक्मनी अर्कै पुरुषसँग नजिकिइन्। उनले दोस्रो विवाहसमेत गरेको थाहा पाएपछि नेपाल फर्किएर हत्या गरेको बयान लीलबहादुरले प्रहरीसमक्ष दिएका छन्। जिल्ला प्रहरी कार्यालय प्युठानका अनुसार रुक्मनीले लीलबहादुर स्वदेश फर्किनुभन्दा केही महिनाअघि नै दीपक परियारसँग दोस्रो विवाह गरेकी थिइन्। लीलबहादुर २४ असार २०८२ मा नेपाल फर्किएका थिए।

दीपक कामका लागि १५ दिनअघि संखुवासभा गएपछि रुक्मनी जेठानी डिला परियारको घरमा बस्न गएकी थिइन्। त्यही दिन लीलबहादुरले फोन गरेर उनलाई भेट्न बोलाएका थिए। रुक्मनी घरभित्र पुग्नेबित्तिकै उनले चक्कु प्रहार गरेको प्रहरीको भनाइ छ। प्रहरीलाई दिएको बयानमा लीलबहादुरले रुक्मनीलाई फकाएर घर फर्काउन खोजेको तर नमानेपछि हत्या गरेको स्वीकार गरेका छन्।

**शंकाले सम्बन्धमा दरार**

पछिल्लो समय पुरुषसँगै महिला पनि वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेको छ। वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्था सुधार्न, घरखर्च चलाउन र बालबालिकाको शिक्षामा लगानी गर्न सहयोग पुऱ्याएको छ। तर, लामो समयसम्म श्रीमान्-श्रीमती अलग रहनुपर्ने अवस्था, आपसी अविश्वास र शंकाले सम्बन्धमा आउने दरारले कतिपय परिवारमा गम्भीर घटना निम्त्याउने गरेको छ। वैदेशिक रोजगारीसँग जोडिएका केही पारिवारिक विवादले हत्या र आत्महत्याजस्ता गम्भीर घटनासमेत निम्त्याएका छन्। विवाहेतर सम्बन्ध, सामाजिक सञ्जालको दुरुपयोग र आर्थिक कारोबारलाई लिएर उत्पन्न शंकाले कतिपय अवस्थामा हिंसात्मक रूप लिने गरेको प्रहरी अधिकारीहरू बताउँछन्।

नेपाल प्रहरीसँग वैदेशिक रोजगारीका कारण भएका हत्याको छुट्टै तथ्यांक छैन। तर, वैदेशिक रोजगारीमा गएका श्रीमान्-श्रीमतीबीचको विवादले गम्भीर रूप लिने गरेका घटना रहेको नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्ले बताउँछन्। 'वैदेशिक रोजगारीमा गएर राम्रो गृहस्थी चलाएका पनि धेरै छन्,' उनले भने, 'केही घटना हुनुमा विवाहेतर सम्बन्ध र सामाजिक सञ्जाल कारण बनेका छन्।'

उनका अनुसार यी विषय घरेलु हिंसासँग पनि जोडिने गरेका छन्। श्रीमान् विदेशमा हुँदा श्रीमतीले घर निर्माण, जग्गा किनबेचलगायत काममा अन्य पुरुषसँग सम्पर्क गर्नुपर्ने अवस्थालाई लिएर कतिपयले शंका गर्ने र त्यही विवाद बढ्दै जाँदा हिंसात्मक घटनासम्म पुग्ने गरेको प्रहरी अनुसन्धानले देखाएको छ। 'श्रीमान्-श्रीमती रोजगारीका लागि टाढा भएका बेला सामाजिक सञ्जालमार्फत विवाहेतर सम्बन्ध राख्ने र पछि सम्बन्ध तथा सम्पत्ति दुवै गुमाएका घटना छन्,' काफ्लेले भने, 'ठुला-ठुला आपराधिक घटनासमेत भएका छन्।'

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) टेकप्रसाद राई पनि पारिवारिक कलहदेखि हत्यासम्मका घटनामा अविश्वास र विवाहेतर सम्बन्धलाई प्रमुख कारणका रूपमा लिन्छन्। उनका अनुसार सामाजिक सञ्जालको अनुचित प्रयोगले पनि वैदेशिक रोजगारीमा रहेका दम्पतीबीच विवाद बढाउने गरेको छ। 'श्रीमान् रोजगारीमा गएको छ भने श्रीमती घरमा हुन्छ, श्रीमती रोजगारीमा गएको छ भने श्रीमान् घरमा हुन्छ,' उनले भने, 'यो अहिलेको बदलिँदो अवस्था हो। तर, सामाजिक सञ्जालका कारण पनि हत्यासम्मका घटना हुने गरेका छन्।'

सामाजिक सञ्जालको व्यापक प्रयोग हुनुअघि पनि नेपाली पुरुष रोजगारीका लागि चार-पाँच वर्षसम्म लाहुर जाने चलन रहेको र महिलाले घरपरिवार सम्हाल्ने गरेको राई बताउँछन्। अहिले सामाजिक सञ्जालको जथाभावी प्रयोगले सम्बन्धविच्छेददेखि हत्यासम्मका घटना निम्त्याउने गरेको उनको भनाइ छ। 'श्रीमान् वा श्रीमती वर्षौंसम्म टाढा रहँदा आपसी सामीप्य टुट्छ, जसले गर्दा परिवारमा शंका र अविश्वासको वातावरण सिर्जना हुन्छ,' उनले भने, 'सामाजिक सञ्जालको दुरुपयोग वा एक्लोपनका कारण थुप्रै घटनामा श्रीमान् वा श्रीमती अन्य व्यक्तिसँग नजिकिने र यसैका कारण लामो समयसम्म विवाद हुने गरेको पाइएको छ।'

समाजशास्त्री डा. मीना पौडेल परिवार र समाजका सदस्यले सुनाउने नकारात्मक कुराले पनि वैदेशिक रोजगारीमा रहेका दम्पतीबीचको सम्बन्धमा दरार ल्याउन सक्ने बताउँछिन्। उनका अनुसार कतिपय अवस्थामा परिवारका सदस्यले श्रीमान्-श्रीमतीबीच अविश्वास बढाउने खालका कुरा गर्ने र उनीहरूको सम्बन्धमा दूरी बढाउने प्रवृत्ति देखिन्छ। 'परिवारका अन्य सदस्यहरूले नकारात्मक कुरा सुनाउने र श्रीमान्-श्रीमतीको सम्बन्धमा दूरी बढाउने प्रवृत्ति समाजमा अझै पनि छ,' उनले भनिन्, 'दुवैजनालाई एक-अर्काको कुरा सुन्ने र बुझ्ने मौका नै दिइँदैन।'

**राष्ट्रियताबारे...**

निकट रहेको उनको भनाइ थियो। 'तर, हाम्रो पुस्ता फरक छ। हामीले विश्व देखेका छौं, हाम्रा आकांक्षाहरू आर्थिक छन्। हामी राम्रो रोजगारी, सुशासन र असल छिमेकी सम्बन्ध चाहन्छौं,' डा. वाग्लेले भनेका छन्, 'त्यसैले म निकै खुसीका साथ भन्न सक्छु कि नेपाली राष्ट्रवादलाई 'एन्टी-इन्डियनिज्म'सँग जोड्ने त्यो युग अब सकियो।'

तीन वर्षअघि डा. वाग्लेले 'साउथ एसियन मनरो डक्ट्रिन'को प्रसंग उठाएका थिए। त्यसप्रति कतिपयले राख्दै आएको शंका मेटिन नपाउँदै वाग्लेले 'नेपालमा राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोड्ने युग सकियो' भन्ने अभिव्यक्ति दिएका हुन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा पूर्वपरराष्ट्रमन्त्री कमल थापा, नेकपा एमालेका प्रचार विभाग प्रमुख नीरज आचार्य, एमाले नेता गोकुल बाँस्कोटा र त्रिभुवन विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक डा. तारा भुसालले वाग्लेको अभिव्यक्तिको आलोचना गरेका छन्। उनीहरूले भारतसँग सम्बन्ध सुधार गर्ने नाममा नेपालको राष्ट्रिय स्वार्थ र सार्वभौमिकतासँग जोडिएका विषयलाई ओझेलमा पार्न नहुने तर्क गरेका छन्।

पूर्वपरराष्ट्रमन्त्री कमल थापाले वाग्लेको अभिव्यक्तिलाई आपत्तिजनक भन्दै नेपाली राष्ट्रवादको अवमूल्यन भएको टिप्पणी गरेका छन्। नेपाली राष्ट्रवाद कुनै खास देशको विरोधमा आधारित नभई देशको सार्वभौमिकता, स्वाधीनता र जनताको हितको रक्षामा आधारित रहेको उनको भनाइ छ।

भारतसँग समानता र सम्मानमा आधारित सम्बन्ध चाहनु एउटा विषय भएको उल्लेख गर्दै थापाले सीमा अतिक्रमण, डुबान र नाकाबन्दीजस्ता विषयमा आवाज उठाउनु भारतविरोधी भावना नभई राष्ट्रप्रतिको निष्ठा भएको बताएका छन्। 'विदेशी मञ्चमा गएर भारतविरोधी राष्ट्रवादको युग सकिएको भन्नु राष्ट्रिय सरोकारका विषयलाई अवमूल्यन गर्नु हो,' थापाको तर्क छ। उनले वाग्लेले यसअघि अघि सारेको 'साउथ एसियन मनरो डक्ट्रिन'को अवधारणासँग अहिलेको अभिव्यक्तिलाई जोड्दै प्रधानमन्त्री बालेन्द्र शाहसँग सरकारको आधिकारिक धारणा मागेका छन्।

रास्वपाले २०८० साल फागुन २१ गते ऊर्जा क्षेत्रको विषयमा नीतिगत छलफल राखेको थियो। उक्त कार्यक्रममा डा. वाग्लेले नेपालको जलविद्युतको प्रयोग, विदेश निर्यातलगायतको विषयमा भूराजनीतिलाई समेत जोडेर व्याख्या गरेका थिए।

चीनको संलग्नता भएका जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली भारतले खरिद नगर्ने नीतिसँग सम्बन्धित बहसमा उनले 'साउथ एसियन मनरो डक्ट्रिन'को प्रसंग उठाएका थिए। भारतले आफ्नो प्रभाव क्षेत्र सुरक्षित गर्न खोजेको यथार्थ बुझ्नुपर्ने र नेपालले अपरिपक्व राष्ट्रवादबाट जोगिनुपर्ने उनको तर्क थियो। 'सबैभन्दा ठुलो र अहिले अलि पेचिलो जियोपोलिटिकल (भूराजनीतिक) पनि भइराख्या छ। अब इन्डियाले यो होल गेममा हामी अवेर (सचेत) हुनुपर्छ,' उनले भनेका थिए, 'चाइनिज पुँजी, चाइनिज कन्ट्याक्टरहरू र चाइनिज तकनिकी (प्रविधि) उपयोग भएकोमा हामी लिँदैनौं भनेर अब उसले भन्न पायो। आफ्नो स्वभरिनिटी च्वाइस पनि हो।'

त्यसबेला विवादमा तानिएपछि डा. वाग्लेले संसद्मै जवाफ दिनुपरेको थियो। आफू गोरखाको भएको र गोरखालीको रगत आफूमा रहेको भनेर राष्ट्रियताको सन्दर्भमा अडिग रहेको सन्देश प्रवाह गरेका थिए।

तथापि डा. वाग्लेलाई उक्त अभिव्यक्तिपछि कतिपयले शंका गर्न छाडेका छैनन्। यही बेला राष्ट्रियताबारे अर्को विवादित अभिव्यक्ति दिएको र डा. वाग्लेको पछिल्लो अभिव्यक्तिको राजनीतिक सन्देश र कूटनीतिक औचित्यमाथि प्रश्न उठाएको बताउँछन्, एमाले प्रचार विभाग प्रमुख नीरज आचार्य। आचार्यका अनुसार व्यापार, पारवहन, ऊर्जा, लगानी र कनेक्टिभिटीमा भारतसँग सहकार्य बढाउनुपर्छ। तर सीमा विवादलगायत द्विपक्षीय सरोकारमा नेपालको धारणा स्पष्ट रूपमा राख्न पनि उत्तिकै आवश्यक छ। एमाले नेता गोकुल बाँस्कोटाले भने वाग्ले भारत भ्रमणमा जाँदा नेपालविरुद्ध बोल्ने गरेको आरोप लगाउँदै उनको अभिव्यक्तिलाई कडा आलोचना गरेका छन्।

त्रिभुवन विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक डा. तारा भुसालले वाग्लेको अभिव्यक्तिको समय, मञ्च र कूटनीतिक सन्देशमाथि प्रश्न उठाएका छन्।

अन्तर्राष्ट्रिय मञ्चमा अर्थतन्त्र र क्षेत्रीय सहकार्यबारे छलफल गर्नु सकारात्मक भए पनि भारतमा आयोजित कार्यक्रममा अर्थमन्त्रीले दिएको अभिव्यक्तिको सन्दर्भलाई बेवास्ता गर्न नमिल्ने उनको भनाइ छ। भुसालले नेपाल-भारत सम्बन्धका मुख्य आर्थिक मुद्दा व्यापार घाटा, गैरभन्सार अवरोध, ऊर्जा व्यापार र कालापानी-लिपुलेकजस्ता सीमा विवाद भएको उल्लेख गरेका छन्। यस्ता विषयमा नेपालको चासो स्पष्ट पार्नुको सट्टा कम विवादित विषयमा मात्रै केन्द्रित भएको भन्दै उनले वाग्लेको आलोचना गरेका हुन्। उनी सामाजिक सञ्जालमा लेख्छन्, 'भारतविरोधी अन्ध-राष्ट्रवाद गलत हो, त्यसमा दुईमत छैन। तर, भारतविरोधी नहुनुको अर्थ नेपालका वास्तविक आर्थिक र भौगोलिक चासोहरूलाई बिर्सेर भारतीय संस्थापनकै बोलीमा बोली मिलाउनु होइन।'

विभिन्न कोणबाट वाग्लेको अभिव्यक्तिको आलोचना भइरहेका बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद बदन भण्डारीले भने उनको बचाउ गरेका छन्। भण्डारीले नयाँदिल्लीमा अर्थमन्त्रीले दिएको मन्तव्य सोचविचारपूर्ण र सुझबुझपूर्ण रहेको दाबी गर्दै त्यसलाई अनावश्यक रूपमा टीकाटिप्पणी गर्नुपर्ने आवश्यकता नभएको बताएका छन्।

आइतबार रिपोटर्स नेपाल काठमाडौंमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै भण्डारीले भारतको विरोध गरेर नेपालमा राष्ट्रवादी बन्ने प्रवृत्ति समाप्त भइसकेको भन्ने वाग्लेको भनाइलाई स्वाभाविक रूपमा लिनुपर्ने बताए। 'भारतको विरोध गरेर नेपालमा राष्ट्रवादी बन्ने दिन गए भनेर अर्थमन्त्रीले भन्दा कसरी राष्ट्रघाती हुन्छ ?' भण्डारीले प्रश्न गरे। उनले विगतमा भारतको विरोध गरेर राष्ट्रवादी बन्ने प्रवृत्ति देखाउने पुराना राजनीतिक दलहरूले गरेका सम्झौताहरूको पनि निष्पक्ष मूल्यांकन हुनुपर्ने बताएका छन्।

**विदेशको...**

व्यवस्था मिलाउन आवश्यक रहेको भन्दै वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार र निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणका लागि वैदेशिक रोजगार बोर्डमातहत रहने गरी भएको वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग तथा सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यक कानुनी व्यवस्था गर्नसमेत आदेश दिएको छ।

निवेदकले विभिन्न देशमा वैदेशिक रोजगारीका लागि प्रत्येक वर्ष करिब पाँच लाखभन्दा बढी व्यक्ति जाने गरेको, वैदेशिक रोजगारमा जाने व्यक्तिहरूबाट राज्यले इजाजत दिएबापत व्यक्तिगत रूपमा मलेसियालगायत खाडी मुलुकमा जाँदा वैदेशिक रोजगार कल्याणकारी कोष, श्रम स्वीकृति तथा प्रहरी रिपोर्टका लागि लाग्ने दस्तुरसमेत बुझाउने, तर म्यानपावर एजेन्सीले सरकारले तोकेभन्दा बढी रकम असुल गर्दा श्रमिक समस्यामा परेको जिकिर गरेका छन्।

वैदेशिक रोजगारमा जाने कामदारहरूमध्ये कतिपयले जन्मकैदको सजायसमेत भोगिरहेका र उनीहरूले कैद सजाय भोग्नुमा न्यायिक कारबाहीको सिलसिलामा प्रतिरक्षाको प्रभावकारी व्यवस्था नहुँदा कामदारहरूले विदेशी बन्दीगृहमा कहालीलाग्दो नारकीय जीवन बिताएको अवस्थाबारे स्वदेशमा रहेका उनीहरूका परिवारजनलाई समेत जानकारी नभएको निवेदनमा उल्लेख छ।

मध्यान्ह
www.madhyanhadaily.com



# फेरि वर्षाको चिन्ता

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक

दसैंको टीका, जमरा र पारिवारिक भेटघाटको रौनक सकिएसँगै जनजीवन पुनः नियमित लयमा फर्किन थालेको छ। तर, चाडपर्व मनाएर काम तथा अध्ययनका लागि गन्तव्यतर्फ लाग्ने नागरिक, पाक्न लागेको धान भित्र्याउने तयारीमा रहेका किसान र पदयात्राको योजना बनाएका पर्यटकलाई मौसमको अर्को चिन्ताले सताउन थालेको छ।



बंगालको खाडीमा विकसित भइरहेको न्यूनचापीय प्रणालीका कारण आगामी सातादेखि नेपालका विभिन्न क्षेत्रमा वर्षा हुन सक्ने पूर्वानुमान सार्वजनिक भएपछि सतर्कता अपनाउनुपर्ने देखिएको हो। सम्भावित वर्षाले दसैं बिदापछि राजधानीलगायत विभिन्न सहर फर्किने यात्रु, धान भित्र्याउने तयारीमा रहेका किसान र हिमाली क्षेत्रमा पदयात्रा गर्ने पर्यटक प्रभावित हुन सक्नेछन्।

नेपालबाट मनसुन अक्टोबर १४ मै बाहिरिएको थियो। दसैंका अधिकांश दिन मौसम सफा रहे पनि बंगालको खाडीमा विकसित भइरहेको नयाँ मौसमी प्रणालीले आगामी दिनमा वर्षा र हिमाली क्षेत्रमा हिमपातको सम्भावना बढाएको छ। विशेषगरी बिहीबारदेखि शनिबार (कात्तिक १२ देखि १५ सम्म) यसको प्रभाव बढी पर्न सक्ने मौसमविद्हरूले बताएका छन्।

त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा.विनोद पोखरेलका अनुसार बिहीबार दिउँसोदेखि कोशी, वाग्मती र गण्डकी प्रदेशका हिमाली जिल्लाका केही स्थान तथा पहाडी भू-भागमा वर्षा हुन सक्नेछ।

'आउँदो बुधबार (कात्तिक ११) सम्म खासै वर्षाको सम्भावना छैन। बादल लाग्ने र कतैकतै छिटपुट वर्षा हुन सक्छ। हिमाली जिल्लामा हिमपातको सम्भावना पनि रहन्छ। बिहीबारदेखि भने पानी पर्ने सम्भावना देखिएको छ,' उनले भने।

उनका अनुसार बिहीबार राति र शुक्रबार (कात्तिक १३) मौसमी प्रणालीको प्रभाव बढी देखिन सक्छ। वर्षा र हिमपातको सम्भावना शनिबारसम्मै रहे पनि पश्चिम नेपालको तुलनामा पूर्वी क्षेत्रमा बढी प्रभाव पर्न सक्ने अनुमान छ।

**वर्षा कहाँ र कति पर्न सक्छ ?**

विभागको प्रारम्भिक मौसम विश्लेषणअनुसार कोशी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा वर्षाको प्रभाव बढी पर्न सक्ने देखिएको छ। पोखरेलका अनुसार प्रारम्भिक जोखिम आकलनमा मनाङसहित २९ जिल्लालाई सम्भावित जोखिमका दृष्टिले ध्यान दिनुपर्ने क्षेत्रमा राखिएको छ।

केही स्थानमा अक्टोबर २९ देखि नोभेम्बर १ सम्म भारी वर्षा हुन सक्ने अनुमान गरिएको छ। यद्यपि, वर्षाको मात्रा, प्रभावित क्षेत्र र मौसमी प्रणालीको मार्गबारे यकिन निष्कर्ष निकाल्न अझै समय लाग्नेछ।

'यसको अर्थ देशभर एकैसाथ भारी वर्षा हुन्छ भन्ने होइन। तर, छोटो अवधिमा ठूलो पानी परेमा त्यसले निम्त्याउन सक्ने जोखिमलाई बेवास्ता गर्न मिल्दैन,' पोखरेलले भने। उनका अनुसार पहाडी क्षेत्रमा पहिरो जाने, नदी तथा खोलामा पानीको बहाव बढ्ने र तराईका केही क्षेत्रमा डुबान हुने जोखिम रहेकाले पूर्वतयारी आवश्यक छ।

**पाकेको धान जोगाउने चुनौती**

सम्भावित वर्षाले सबैभन्दा बढी चिन्तित बनाउन सक्ने समूह किसान हुन्। दसैंपछि धान काट्ने, खेतबाट भित्र्याउने र चिस्यान कम गर्न सुकाउने काम तीव्र हुने समयमा पानी परेमा उत्पादन र गुणस्तरमा असर पर्न सक्छ। मौसमविद्हरूले पाक्न लागेको धान र काटेर सुकाउन राखिएको बाली जोगाउने व्यवस्था गर्न सुझाव दिएका छन्। सम्भावित वर्षालाई ध्यानमा राखेर स्थानीय मौसम पूर्वानुमानअनुसार बाली भित्र्याउने र सुरक्षित ठाउँमा राख्ने योजना बनाउनुपर्ने देखिएको छ।

मौसमविद् रोजन लामिछानेले सम्भव भएसम्म आगामी चार दिन धान नकाट्न र मौसम अनुकूल हुने अवस्था हेरेर कात्तिक १५ गतेपछि मात्रै धान काट्ने योजना बनाउन सुझाव दिएका छन्। धान काटिसकेको अवस्थामा वर्षाले बाली भिज्ने र गुणस्तरमा असर पर्ने जोखिम हुने भएकाले किसानले मौसमको पूर्वानुमानलाई ध्यान दिनुपर्ने उनको भनाइ छ।

यद्यपि, आइतबार, सोमबार र मंगलबार देशभर वर्षा तथा हिमपातको सम्भावना नरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। मौसमी प्रणालीको अवस्था परिवर्तन हुन सक्ने भएकाले पछिल्लो पूर्वानुमान नियमित रूपमा हेर्न र सोहीअनुसार कृषि कार्य तथा यात्राको योजना बनाउन महाशाखाले आग्रह गरेको छ।

**दसैंपछि फर्किने यात्रु र सडकको जोखिम**

दसैं मनाउन गाउँ पुगेका नागरिक काम, अध्ययन र व्यवसायका लागि सहर फर्किने क्रमसँगै सडकमा यात्रुको चाप बढ्न सक्छ। यस्तो समयमा वर्षा भएमा पहिरोको जोखिम भएका सडकखण्डमा यात्रा प्रभावित हुने सम्भावना रहन्छ।

विगतका विपद्ले क्षति पुऱ्याएका सडक र कमजोर भौगोलिक संरचना भएका क्षेत्रमा थप सतर्कता आवश्यक हुन्छ। लामो दूरीको यात्रा गर्नुअघि सडकको अवस्था र मौसमसम्बन्धी सूचना लिनु, प्रतिकूल मौसममा सम्भव भएसम्म यात्रा स्थगित गर्नु तथा पहिरोको जोखिम भएका ठाउँमा अनावश्यक रूपमा नरोकिनु महत्वपूर्ण सावधानी हुन्। दसैंपछि कार्यस्थल फर्किने तयारीमा रहेकाहरूलाई शुक्रबार र शनिबारको यात्राअघि मौसमको अवस्था बुझ्न सुझाव दिइएको छ।

सम्भावित वर्षा र हिमपातलाई ध्यानमा राख्दै उच्च हिमाली क्षेत्रमा पदयात्रा गर्ने पर्यटकले समेत सतर्कता अपनाउनुपर्ने मौसमविद्हरूको सुझाव छ। पदमार्गमा मौसम प्रतिकूल हुन सक्ने, दृश्यता घट्ने र तापक्रममा परिवर्तन आउने भएकाले यात्रा गर्नुअघि मौसमको पछिल्लो विवरण हेर्न आवश्यक छ। पदयात्राका क्रममा मौसम बिग्रिएमा सुरक्षित स्थानमा आश्रय लिन र जोखिमपूर्ण अवस्थामा यात्रा जारी नराख्न सुझाव दिइएको छ।

# ढल्केबरमा छिट्टै ट्रमा सेन्टर शिलान्यास हुन्छ : मन्त्री मेहता

**धनुषा/मस-** स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले धनुषाको ढल्केवरमा स्वीकृत क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको टेन्डर प्रक्रिया अघि बढिसकेको बताएकी छन्।



आइतबार ट्रमा सेन्टर निर्माणका लागि प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले टेन्डरसम्बन्धी कागजात स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारसम्बन्धी निकायमा पठाइसकिएको जानकारी दिइन्। उनले प्रक्रिया पूरा भएपछि टेन्डर आह्वान हुने र त्यसपछि निर्माणको काम अघि बढ्ने बताइन्।

'ट्रमा सेन्टर बन्छ कि बन्दैन भन्ने अन्योल अब राख्नुपर्दैन। यो आयोजना सरकारको बहुवर्षीय योजनामा समावेश भइसकेको छ', मन्त्री मेहताले भनिन्। उनले निर्माणस्थलको निरीक्षणबाट आवश्यक तयारी उपयुक्त देखिएको उल्लेख गर्दै छिट्टै शिलान्यास हुने विश्वास व्यक्त गरिन्।

स्थानीयवासीले लामो समयदेखि ट्रमा सेन्टर निर्माणको आश्वासन पाउँदै आए पनि काम सुरु नभएकाले आयोजना कार्यान्वयनप्रति आशंका व्यक्त गर्दै आएका छन्। निरीक्षणका क्रममा प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको काम सुरु भएपछि मात्रै स्थानीयवासी विश्वस्त हुने बताए। उनले आश्वासनभन्दा निर्माण कार्यको सुरुआत महत्वपूर्ण रहेको उल्लेख गर्दै शिलान्यासको प्रक्रिया छिटो अघि बढाउन मन्त्रीको ध्यानाकर्षण गराए।

'ट्रमा सेन्टरका नाममा यहाँका नागरिक लामो समयदेखि आश्वासन पाउँदै आएका छन्। अब आश्वासनले मात्र चित्त बुझाउने अवस्था छैन। भवन निर्माण सुरु भएपछि मात्रै विश्वास जाग्छ', उनले भने। निरीक्षणमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति थियो।

# रौतहटमा १ लाख बढीको कपडा बरामद, ९५ हजारका पेयपदार्थ नष्ट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ कात्तिक

रौतहटको सदरमुकाम गौर तथा आसपासका सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी बढाइएको छ। यसक्रममा भन्सार छली गरी भित्र्याइएको १ लाख १० हजार रुपैयाँ मूल्य बराबरको कपडा बरामद गरिएको छ भने उपभोगका लागि अनुपयुक्त ९५ हजार रुपैयाँ मूल्यका भारतीय पेय पदार्थ नष्ट गरिएको छ।



सशस्त्र प्रहरी बल नेपाल गौर गुल्मबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा कपडा बोकेर नेपालतर्फ आउँदै गरेकी एक युवतीलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका डीएसपी दुर्गाप्रसाद भट्टले जानकारी दिए। पहिलो पटकको कसुर र मानवीय पक्षलाई ध्यानमा राख्दै ती युवतीलाई चेतावनी दिएर अभिभावकको जिम्मा लगाइएको छ। बरामद कपडा आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ।

त्यस्तै, बजार अनुगमनका क्रममा म्याद गुज्रिएका वा गुणस्तरहीन ठहरिएका करिब ९५ हजार रुपैयाँ मूल्यका भारतीय पेय पदार्थ फेला परेका थिए। उपभोगका लागि अनुपयुक्त ती पेय पदार्थ सरोकारवाला निकायको रोहबरमा खाल्डोमा पुरेर नष्ट गरिएको जनाइएको छ।

भारतसँग लामो खुला सीमा जोडिएको रौतहटमा चोरी पैठारी, राजस्व छली तथा गुणस्तरहीन वस्तुको आयात नियन्त्रण गर्न सुरक्षा निकाय र स्थानीय प्रशासनले निगरानी बढाएका छन्। प्रशासनले अवैध कारोबार नियन्त्रण तथा उपभोक्ताको स्वास्थ्य सुरक्षाका लागि नियमित बजार अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

# पोलियो अन्त्यको सन्देश बोकेर उपत्यकाका सात सम्पदा स्थलमा ५०० बढी साइकल यात्री

**काठमाडौं/मस-** विश्व पोलियो दिवसको अवसरमा काठमाडौं उपत्यकाका सातवटा विश्व सम्पदा स्थललाई जोड्दै ५०० भन्दा बढी साइकल यात्रीले पोलियो उन्मूलनको सन्देश फैलाएका छन्।



रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ अन्तर्गतको पोलियोप्लस उपसमितिले पोलियो रोगविरुद्ध जनचेतना बढाउने उद्देश्यले मेगा साइकल ऱ्याली आयोजना गरेको हो। 'इन्ड पोलियो नाउ' अर्थात् 'पोलियो अन्त्य गरौं' भन्ने नारासहित आयोजित ऱ्यालीमा विभिन्न रोटरी क्लबका सदस्य, साइकल यात्री तथा अन्य सहभागीहरू जोडिएका थिए।

भक्तपुर दरबार स्क्वायरबाट बिहान सुरु भएको ऱ्याली चाँगुनारायण, बौद्ध, पशुपतिनाथ, स्वयम्भू र हनुमानढोका दरबार स्क्वायर हुँदै ललितपुरको पाटन दरबार स्क्वायरमा पुगेर सम्पन्न भएको थियो। ऱ्यालीले काठमाडौं उपत्यकाका सातवटा युनेस्को विश्व सम्पदा स्थललाई समेटेको थियो।

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनसँगै बालबालिकालाई पोलियोबाट जोगाउन नियमित खोपको महत्त्वबारे सन्देश दिन ऱ्याली आयोजना गरिएको आयोजकले जनाएको छ। ऱ्यालीको उद्घाटन समारोहमा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्की, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, रोटरी पोलियो ब्रान्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकाललगायत विभिन्न रोटरी क्लबका प्रतिनिधिहरू सहभागी थिए। त्यसैगरी रोटरी क्लब अफ आरसी भक्तपुरले कार्यक्रम आयोजना गरेको थियो। क्लबका अध्यक्ष दशरथ प्रजापतिले यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्ने बताए।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बालबालिकालाई रोगबाट सुरक्षित राख्न नियमित खोप र जनचेतनाको महत्त्व रहेको बताए। 'बालबालिकाको स्वास्थ्य सुरक्षित राख्नु परिवारको मात्र नभई सिंगो समाजको जिम्मेवारी हो, पोलियोजस्तो रोगबाट बच्न नियमित खोप आवश्यक छ। यस्ता अभियानले स्वास्थ्यसम्बन्धी सन्देश समुदायसम्म पुऱ्याउन सहयोग गर्छन्,' प्रजापतिले भने।

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्कीले पोलियो उन्मूलनका लागि निरन्तर जनचेतना र सामूहिक प्रयास आवश्यक रहेको बताए। रोटरी पोलियो ब्रान्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकालले पोलियोबारे जनचेतना फैलाउन समाजका सबै पुस्ताको सहभागिता आवश्यक रहेको बताइन्। हरेक वर्ष अक्टोबर २४ मा मनाइने विश्व पोलियो दिवसले पोलियो रोगको विश्वव्यापी उन्मूलनका लागि भइरहेका प्रयासलाई बलियो बनाउने उद्देश्य राख्छ। यस अवसरमा नियमित खोपको महत्त्व, रोगबारे जनचेतना र बालबालिकाको स्वास्थ्य सुरक्षामा जोड दिने गरिन्छ।

# बेनिघाट–तातोपानी सडक खुलाउने काम सम्पन्न

**काठमाडौं/मस–** बूढीगण्डकी नदीमा आएको बाढीका कारण अवरुद्ध बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक खण्डअन्तर्गत बेनिघाटदेखि तातोपानीसम्मको सडक खुलाउने काम सम्पन्न भएको छ।



पूर्वाधार विकासमन्त्री सुनील लम्सालले दिएको जानकारीअनुसार खोर्लाबेसीमा अस्थायी डाइभर्सन निर्माण सम्पन्न भएपछि तातोपानी र आसपासका क्षेत्रमा सडक सफा गर्ने काम अघि बढाइएको थियो। बाढीले थुपारेको ढुंगा, माटो तथा गेग्रान हटाउने कामसमेत सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

अब सडक स्तरोन्नतिका लागि आवश्यक अध्ययन तथा रेखांकन गरी स्थायी रूपमा सडक निर्माणको काम अघि बढाइने मन्त्री लम्सालले जानकारी दिए।

# चितवनमा सवारी दुर्घटना ७३ प्रतिशतले घट्यो

**चितवन/मस-** चितवनमा गत वर्षको दसैंको तुलनामा यस वर्ष सवारी दुर्घटना करिब ७३ प्रतिशतले घटेको छ। दुर्घटनामा परी मृत्यु हुने र घाइते हुनेको संख्यामा समेत उल्लेख्य कमी आएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।




कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को दसैं अवधिमा चितवनमा ३३ वटा सवारी दुर्घटना भएका थिए। ती दुर्घटनामा चार जनाको मृत्यु भएको थियो भने ५८ जना घाइते भएका थिए।

चालु आर्थिक वर्ष २०८३/८४ को दसैं अवधिमा भने नौ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने २९ जना घाइते भएका छन्।

गत वर्षको तुलनामा यस वर्ष सवारी दुर्घटना २४ वटाले घटेको छ। त्यस्तै, दुर्घटनामा मृत्यु हुनेको संख्या ७५ प्रतिशत र घाइते हुनेको संख्या ५० प्रतिशतले घटेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख अनिल थापाले प्रविधिको प्रयोग, कडाइका साथ गरिएको सवारी जाँच, चुस्त सुरक्षा व्यवस्था र ट्राफिक सचेतनाका कारण दुर्घटना तथा मानवीय क्षतिमा कमी आएको बताए।

उनका अनुसार जिल्लाका मुख्य स्थानमा जडान गरिएका सिसिटिभी क्यामेराबाट निगरानी, ट्राफिक प्रहरीद्वारा बडी वोर्न क्यामेराको प्रयोग तथा मुख्य सडकखण्डमा कडाइका साथ गरिएको सवारी जाँचले दुर्घटना न्यूनीकरणमा सहयोग पुऱ्याएको छ।

त्यसैगरी, चाडपर्वका समयमा सुरक्षा व्यवस्थालाई चुस्त बनाउनु र निरन्तर ट्राफिक सचेतना अभिवृद्धि गर्नुले पनि दुर्घटना तथा मानवीय क्षति घटाउन योगदान पुऱ्याएको प्रमुख थापाले बताए।

# चरनक्षेत्रको अभावले पशुपालक किसान संकटमा

**बाँके/मस–** बाँकेका पशुपालक किसान चरन क्षेत्रको अभाव, दाना तथा घाँसको बढ्दो मूल्य र वन्यजन्तुको जोखिमका कारण संकटमा परेका छन्। पुस्तौंदेखि वनजंगलमा पशु चराएर जीविकोपार्जन गर्दै आएका किसानले पछिल्लो समय चरि चरणमा लगाइएको प्रतिबन्ध र वन्यजन्तुको त्रासका कारण पशुपालन व्यवसाय सञ्चालन गर्न कठिनाइ भोगिरहेका छन्। बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौनाका बम्बबहादुर पुनमगरलाई कुनै समय आफ्नो गाउँभरि खसीबाख्राका बथान देखेको सम्झना ताजै छ। तर, अहिले सिंगो गाउँभरि खोज्दा पनि १०० वटा बाख्रा पुऱ्याउन मुस्किल पर्ने अवस्था आएको छ।

कोहलपुर नगरपालिका-७ वनखेतका युवराज गिरीको अवस्था पनि बम्बबहादुरको भन्दा फरक छैन। व्यावसायिक रूपमा पशुपालन गर्दै आएका उनीहरू अहिले दाना र घाँसको बढ्दो मूल्य तथा पशु चराउने सुरक्षित चरन क्षेत्रको अभावका कारण व्यवसायलाई निरन्तरता दिने कि छाड्ने भन्ने दोधारमा छन्।

भौगोलिक दृष्टिले बाँके जिल्ला पशुपालनका लागि सम्भावनायुक्त मानिन्छ। तर, यहाँका धेरै ग्रामीण बस्ती राष्ट्रिय निकुञ्ज, राष्ट्रिय वन, सामुदायिक वन र जैविक मार्ग आसपास रहेका छन्। पुस्तौंदेखि वनजंगलमा निर्भर रहेर पशुपालन गर्दै आएका स्थानीय समुदायका लागि पछिल्लो समय वन्यजन्तुको बढ्दो जोखिम र चरन क्षेत्रमा लगाइएको प्रतिबन्ध जीविकोपार्जनको प्रमुख बाधक बनेको सामुदायिक वन उपभोक्ता महासंघ लुम्बिनी प्रदेशका सदस्य महेन्द्र शाहीले बताए। उनका अनुसार राष्ट्रिय वन क्षेत्रमा बाघ र चितुवाजस्ता हिंस्रक वन्यजन्तुको त्रासका कारण किसान पशु चराउन जंगल जान डराउँछन्।

# देशभर १३ विपद्का घटना, एकजनाको मृत्यु, तीन घाइते

**काठमाडौं/मस-** देशभर पछिल्लो २४ घण्टामा विभिन्न प्रकृतिका १३ वटा विपद्का घटना भएका छन्। ती घटनामा परी एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। विपद्का घटनाबाट करिब १३ लाख २० हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ।




राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कात्तिक ७ गते बिहान १० बजेदेखि कात्तिक ८ गतेसम्म देशका विभिन्न जिल्लामा आगलागी, सर्पदंश, पहिरो तथा जनावरको आक्रमणलगायतका विपद्का घटना भएका हुन्।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार भोजपुर र मनाङमा सर्पदंशका घटना भएका छन्। त्यस्तै, पाँचथर, रौतहट, बारा, पर्सा, काठमाडौं, गोरखा, नवलपरासी पश्चिम, बाँके र कञ्चनपुरमा आगलागीका घटना भएका छन्। बाँकेमा जनावरको आक्रमणसमेत भएको प्राधिकरणले जनाएको छ।

विभिन्न जिल्लामा भएका यी घटनाबाट मानवीय तथा भौतिक सम्पत्तिमा क्षति पुगेको छ। विपद्मा परी घाइते भएकामध्ये केहीको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा लगिएको छ।

प्राधिकरणका अनुसार विपद्बाट भएको क्षतिको विवरण संकलन गर्ने तथा प्रभावित क्षेत्रमा आवश्यक व्यवस्थापन गर्ने कार्य भइरहेको छ। विपद्का घटनाबाट थप क्षति हुन नदिन सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ।

प्राधिकरणले विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्न र आधिकारिक सूचनाको पालना गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ। जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नुका साथै आवश्यक सतर्कता अपनाउन सके सम्भावित जनधनको क्षति कम गर्न सकिने प्राधिकरणको सुझाव छ।

मध्यान्ह
www.madhyanhadaily.com
९ कार्तिक २०८३ सोमबार
26 October 2026 Monday

## सम्पादकीय

# एनपिएल र नेपाली क्रिकेटको भविष्य

नेपाली क्रिकेटले सीमित स्रोतसाधन र कमजोर पूर्वाधारका बीच अन्तर्राष्ट्रिय पहिचान बनाएको छ । खेलाडीको प्रतिभा, मिहिनेत र समर्थकको मायाले क्रिकेटलाई विश्वमञ्चसम्म पुऱ्याएको हो । अब यो उपलब्धिलाई दिगो विकासमा रूपान्तरण गर्नु आवश्यक छ । नेपाल प्रिमियर लिग (एनपिएल)ले त्यसका लागि नयाँ सम्भावना खोलेको छ ।

सन् २०२४ मा सुरु भएको एनपिएल छोटो समयमै नेपाली क्रिकेटको प्रमुख आकर्षण बनेको छ । विदेशी खेलाडीको सहभागिता, दर्शकको उत्साह, प्रसारणको विस्तार र व्यावसायिक लगानीले यसको महत्त्व बढाएका छन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को मान्यता र निर्णय समीक्षा प्रणाली (डिआरएस)जस्ता प्रविधिको प्रयोगले प्रतियोगिताको विश्वसनीयता बढाउन सहयोग गरेका छन् । एनपिएलले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरका खेलाडीसँग प्रतिस्पर्धा गर्ने अवसर दिएको छ । यसबाट खेलाडीले खेलको रणनीति, अनुशासन र व्यावसायिक अभ्यास सिक्न सक्छन् । तर, विदेशी खेलाडीको सहभागिता र अन्तर्राष्ट्रिय मान्यताले मात्रै नेपाली क्रिकेटको भविष्य सुनिश्चित गर्दैन । खेलाडीको क्षमता विकास र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उनीहरूको प्रभावकारी उपस्थितिले मात्र यसको वास्तविक उपलब्धि देखाउँछ ।

प्रतियोगिताको आर्थिक सम्भावना पनि उत्तिकै महत्त्वपूर्ण छ । टिकट बिक्री, प्रसारण अधिकार र प्रायोजनबाट हुने आम्दानीले क्रिकेटलाई व्यावसायिक बनाउन सक्छ । दोस्रो संस्करणमा ४७ करोड रूपैयाँभन्दा बढी आम्दानी भएको विवरणले यसको सम्भावना देखाउँछ । तर, आम्दानीको आकार मात्र सफलता मापन गर्ने आधार बन्नु हुँदैन । प्राप्त स्रोत समग्र क्रिकेट विकासमा कसरी उपयोग हुन्छ भन्ने मुख्य प्रश्न हो । एनपिएलसँगै पारदर्शिता, जवाफदेहिता र खेलको निष्पक्षता सुनिश्चित गरिनुपर्छ । आम्दानी र खर्चको स्पष्ट विवरण सार्वजनिक गर्ने, खेलाडीको सुरक्षा सुनिश्चित गर्ने र म्याच फिक्सिङजस्ता अनियमितता रोक्ने प्रभावकारी व्यवस्था आवश्यक छ । क्रिकेटको विकास काठमाडौंमा मात्र सीमित हुनु हुँदैन । पोखरा, जनकपुर, विराटनगर, नेपालगन्ज, सुर्खेत र धनगढीजस्ता सहरमा आवश्यक पूर्वाधार विकास गरी प्रतियोगिता विस्तार गर्न सकिन्छ । यसले स्थानीय प्रतिभालाई अवसर दिनुका साथै खेल पर्यटन प्रवर्धन गर्न सक्छ ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष विद्यालयस्तरदेखि प्रतिभा पहिचान, उमेर समूहका प्रतियोगिता, प्रशिक्षक उत्पादन र महिला क्रिकेटमा लगानी बढाउनु हो । घरेलु प्रतियोगितालाई नियमित र प्रतिस्पर्धात्मक बनाउन सके मात्र राष्ट्रिय टोलीको आधार बलियो हुन्छ । एनपिएलको सफलता दर्शकको भिड, चर्चित खेलाडीको सहभागिता र आम्दानीमा मात्र मापन गरिनु हुँदैन । यसबाट प्राप्त लाभ युवा प्रतिभा, महिला क्रिकेट, घरेलु प्रतियोगिता र पूर्वाधार विकासमा पुग्नुपर्छ । एनपिएललाई लोकप्रिय प्रतियोगिताबाट समग्र नेपाली क्रिकेटको विकासको माध्यम बनाउन सके मात्र यसको वास्तविक उपलब्धि स्थापित हुनेछ ।

# लोकतान्त्रिक आचरण र शिक्षा

शिक्षा केवल ज्ञान र प्रमाणपत्र हासिल गर्ने माध्यम होइन, असल आचरण, कर्तव्यबोध र लोकतान्त्रिक संस्कार निर्माण गर्ने आधार पनि हो । तर नेपाली शिक्षाले अनुशासित, सहिष्णु, कर्तव्यनिष्ठ र जिम्मेवार नागरिक उत्पादन गर्न सकेको छैन । नागरिक शिक्षा, नैतिकता र लोकतान्त्रिक मूल्यलाई विद्यालयदेखि उच्च शिक्षासम्म प्रभावकारी रूपमा समावेश गर्न आवश्यक छ ।

अग्रलेख



● डा. देवीप्रसाद आचार्य

'जस्तो बीउ रोप्यो, त्यस्तै फल पाइन्छ' भन्ने नेपाली लोकवाणी व्यवहारवादी दृष्टिकोणले पनि वैज्ञानिक देखिन्छ । राज्यले कस्तो शिक्षारूपी बीउ रोपेर कस्ता नागरिक उत्पादन गर्ने भन्ने कुरा देशको शिक्षा प्रणालीले निर्धारण गर्छ । शिक्षाले नागरिकको सीप, ज्ञान, आचरण र सामाजिक व्यवहारको आधार निर्माण गर्छ । प्रकृतिवादी दार्शनिक रुसोले शिक्षालाई आचरण निर्माणको माध्यम मानेका छन् । शिक्षाविद् थोमसनले पनि शिक्षा व्यक्तिको बानी, व्यवहार, विचार र धारणामा स्थायी परिवर्तन ल्याउने साधन भएको बताएका छन् । यसरी हेर्दा शिक्षा मानिसको नैतिक आचरण, लोकतान्त्रिक व्यवहार र असल संस्कार सिक्ने आधार हो । तर हाम्रो देशको शिक्षाले अनुशासित, कर्तव्यनिष्ठ, लोकतान्त्रिक, कर्मशील तथा सहिष्णु नागरिक उत्पादन गर्न नसकेको अनुभव हुन्छ । यसर्थ, विद्यालय शिक्षादेखि नै असल आचरण निर्माणसम्बन्धी विषयवस्तु समावेश गर्न आवश्यक छ ।




अहिले हाम्रो देश लोकतान्त्रिक राजनीतिक व्यवस्थाको अभ्यासमा छ । लोकतन्त्रमा अनुशासनभन्दा अधिकार र आलोचनाले बढी ठाउँ लिएको देखिन्छ । लोकतन्त्र भनेको शासन सञ्चालनको एउटा राजनीतिक पद्धति मात्र होइन, स्वतन्त्र रूपमा सोच्ने, अरूको कुरा सुन्ने, आफ्नो विचार व्यक्त गर्ने र असल व्यवहार गर्ने जीवनशैली पनि हो । शिक्षा र लोकतन्त्र एकअर्काका परिपूरक हुन् । शिक्षाले लोकतान्त्रिक मूल्य, मान्यता, आचरण र अभ्यासलाई समाजमा स्थापित गर्न सकेन भने अराजक गतिविधि बढ्छन्, सामाजिक सद्भाव बिथोलिन्छ र राजनीतिक संस्कार कमजोर हुन्छ । भ्रष्टाचार, बेथिति र कालोबजारीजस्ता विकृतिले प्रश्रय पाउँछन् । हाम्रो समाजमा यस्ता प्रवृत्ति देखिनु चिन्ताको विषय हो ।

लोकतन्त्रले नागरिक अधिकार र कर्तव्यलाई एकै सिक्काका दुई पाटाका रूपमा स्वीकार गर्छ । यी दुवैलाई जीवनशैलीमा अपनाउनुपर्छ । अधिकार र कर्तव्यको जगमा निर्माण भएको समाजमा सामाजिक न्याय, असल व्यवहार, सहिष्णुता र सद्भाव अभ्यासमा देखिन्छन् । यस्ता आचरण भएको समाज शान्तिपूर्ण हुन्छ । देश विकासको मुख्य पूर्वाधार शान्तिपूर्ण समाज हो । आपसी एकता र सामूहिक भावनाको अभावमा विकासले गति लिन सक्दैन ।

हाम्रो समाज विविधताले भरिएको छ । विविधतामा एकताको भावना विकास गर्न शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । जातीय, सांस्कृतिक तथा धार्मिक विविधता नेपाली समाजको सामाजिक धरातल हो । नागरिकबीच आपसी सद्भाव, मेलमिलाप र सहिष्णु व्यवहार आवश्यक छ । अबको राष्ट्रिय शिक्षा प्रणालीले हरेक नागरिकलाई समाजमा सँगै बस्न, सँगै काम गर्न, एकअर्काको सम्मान गर्न र अधिकार तथा कर्तव्यबीचको सम्बन्ध बुझ्न सक्ने बनाउनुपर्छ । यसका लागि नागरिक शिक्षासम्बन्धी विषयवस्तु विद्यालय तहदेखि उच्च शिक्षासम्मका पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गर्न आवश्यक छ ।

हरेक व्यक्ति वा समुदाय आफ्नो समाजको सांस्कृतिक प्रतिनिधि हो । समाजमा विकसित चालचलन, मूल्य, मान्यता, रहनसहन, आचरण एवं सामाजिक व्यवहार एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छन् । ज्ञान तथा व्यवहार हस्तान्तरणको विधि र प्रक्रियामा समाजको शैक्षिक चेतनाको स्तरले पनि प्रभाव पार्छ । शिक्षाले प्रचलित सांस्कृतिक अभ्यासको पहिचान गरी तिनको संरक्षण, संवर्द्धन र विकासका लागि तर्क तथा तथ्यका आधारमा काम गर्छ । धार्मिक सम्प्रदायमा धर्मले निर्देशित गरेका चलनलाई पुस्तान्तरण गर्दा धर्मशास्त्रका ज्ञान, विज्ञान र निर्देशनको सही अर्थ बुझ्न तथा तिनको विवेकपूर्ण व्याख्या गर्न पनि शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ ।

शिक्षाले निर्धारण गरेको बाटोमा समाज निर्देशित हुन्छ । यस अर्थमा समाज र शिक्षाबीच अन्योन्याश्रित सम्बन्ध छ । हाम्रो शिक्षामा नैतिक आचरण विकास गर्ने विषयवस्तुको अभाव लामो समयदेखि खड्किएको छ । समाजमा अनुशासनको दायरा साँघुरिँदै गएको अग्रजहरूको अनुभव छ । हाम्रो शिक्षाले अनुशासित तथा कर्तव्यनिष्ठ विद्यार्थी उत्पादन गर्न नसकेको शिक्षक र अभिभावकको गुनासो पनि सुनिन्छ । असल आचरण निर्माणबिनाको शिक्षाले व्यक्ति, घरपरिवार, आफन्त, छिमेक, समुदाय, समाज र सिंगो राष्ट्रमा सहनशीलता, सामाजिक सद्भाव तथा सहिष्णुतामैत्री व्यवहार बलियो बनाउन सक्दैन ।

प्रसिद्ध शिक्षाविद् तथा लेखक हेलेन केलरका विचारमा सहनशीलता शिक्षाको उच्चतम उपलब्धिमध्ये एक हो । अहिले समाजमा आफ्नै शिक्षित छोराछोरीबाट वृद्ध आमाबुबा अपहेलित हुनुपरेका घटना देखिन्छन् । जन्मदिने बाबुआमाले श्रवणकुमारजस्ता सन्तान पाउन सकेका छैनन् । शिक्षा दिने गुरुहरूले एकलव्यजस्ता चेला उत्पादन गर्न सकेका छैनन् । यस कोणबाट आजको शिक्षा प्रणालीलाई केलाउँदा लोकतान्त्रिक व्यवहार निर्माणमा हाम्रो शिक्षा कहाँ चुक्यो भन्ने समीक्षा गर्ने बेला आएको छ ।

आचरण निर्माणको आधार नागरिक शिक्षासम्बन्धी विषयवस्तु हो । देशका तहगत पाठ्यक्रम तथा पाठ्यपुस्तकमा नागरिक शिक्षालाई पर्याप्त महत्त्व दिन आवश्यक छ । नागरिक शिक्षाले विद्यार्थीलाई देशको संविधान, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तथा संवैधानिक अंगबारे अध्ययन गर्ने अवसर प्रदान गर्छ । नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका प्रावधानबारे आमनागरिकले जानकारी राख्नुपर्छ ।

राज्यको पुनर्संरचनापछि नेपालमा संघीय सरकार, सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार छन् । यी सरकारका काम, कर्तव्य र अधिकारबारे नागरिकले बुझ्न सकेनन् भने संविधानले प्रदान गरेका हक तथा अधिकार व्यवहारमा कार्यान्वयन गर्न कठिन हुन्छ । लोकतान्त्रिक अभ्यास पनि प्रभावकारी हुन सक्दैन । देशको मूल कानुन, नीति, नियम र विनियमबारे जानकारी नभएसम्म के गर्न हुने र के गर्न नहुने भन्ने कानुनी प्रबन्धबारे पर्याप्त ज्ञान हुँदैन । संविधान, कानुन र नियमको ज्ञानको अभावमा लोकतान्त्रिक आचरणको विकास हुन सक्दैन । यसर्थ, नागरिक शिक्षालाई विद्यालय तहदेखि उच्च शिक्षासम्मका पाठ्यक्रममा समावेश गर्न आवश्यक छ । अहिलेका शिक्षित नागरिकमा राष्ट्रभावभन्दा विदेश पलायनको चिन्ता, आपसी मेलमिलापभन्दा आत्मकेन्द्रित सोच, स्वरोजगारीका सीपभन्दा परनिर्भरता र बहुजन हितायभन्दा व्यक्तिगत स्वार्थ हावी भएको देखिन्छ । यस्तो प्रवृत्तिले समाजलाई असल मार्गमा अघि बढ्न कठिन बनाएको छ । आपसी असमझदारी, बेमेल तथा सामाजिक द्वन्द्वले प्रश्रय पाएका छन् । समाजमा मेलमिलाप, लोकतान्त्रिक चरित्र र सहिष्णु व्यवहार आवश्यक हुन्छ ।

शिक्षाले नागरिकमा आफूकेन्द्रित स्वार्थबाट माथि उठ्न सक्ने क्षमताको विकास गराउनुपर्छ । आपसी सद्भाव कायम गर्न, मतभेदबीच मेलमिलाप खोज्न तथा बहुजातीय संस्कार, मूल्य, मान्यता र रहनसहनलाई आत्मसात् गर्न सक्ने गुणको विकास गराउनुपर्छ । समाजमा शान्ति तथा अमनचयन कायम राख्न व्यक्ति बसोबास गर्ने समुदाय, सरकारी तथा गैरसरकारी संस्थाबीच आपसी सद्भाव, मेलमिलाप, सहयोग र शान्तिपूर्ण वातावरण आवश्यक हुन्छ । यस अर्थमा शिक्षाले सबैका मूल्य र मान्यतालाई सम्मान गर्दै लोकतान्त्रिक आदर्शलाई व्यवहारमा उतार्न सक्ने चिन्तनको विकास गर्नुपर्छ । लोकतन्त्रको संस्थागत स्थापनाले मात्र लोकतान्त्रिक समाज निर्माण हुँदैन । लोकतन्त्रको विकासका लागि समाजका हरेक क्षेत्रमा संलग्न मानिसको आचरण पनि लोकतान्त्रिक हुन जरुरी छ । अमेरिकी शिक्षाविद् जोन ड्युयीले प्रत्येक पुस्तामा लोकतन्त्रको पुनर्जन्म हुनुपर्ने र त्यसको माध्यम शिक्षा भएको विचार व्यक्त गरेका छन् । उनको भनाइको तात्पर्य लोकतन्त्र एकपटक प्राप्त गरेर मात्र पुग्दैन भन्ने हो । यसको निरन्तरताका लागि प्रत्येक नयाँ पुस्ताले लोकतन्त्रबारे अध्ययन गर्न, यसका मूल्य र मान्यता बुझ्न तथा लोकतान्त्रिक आचरण निर्माण गर्न आवश्यक हुन्छ । यस्तो क्षमता विकास गर्ने महत्त्वपूर्ण माध्यम शिक्षा हो ।

नेपाली समाज बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय एवं बहुभाषिक चरित्रको छ । यहाँका समुदायका आफ्नै मूल्य, मान्यता, भाषा, संस्कृति र संस्कार छन् । यस्तो बहुआयामिक समाजका बालबालिकामा लोकतान्त्रिक, सहिष्णु तथा बहुलवादी चिन्तन विकास गर्न देशको शिक्षा प्रणालीलाई सोहीअनुरूप रूपान्तरण गर्नुपर्छ । विद्यालय तथा विश्वविद्यालयमा अध्ययन गर्ने बालबालिका र किशोरकिशोरी नै भविष्यमा देशका विभिन्न क्षेत्रमा संलग्न हुने भएकाले उनीहरूलाई घरपरिवार र समाजमा मिलेर बस्न, सँगै काम गर्न तथा एक-अर्काको सम्मान गर्न सिकाउनुपर्छ । सबैका सांस्कृतिक र सामाजिक मूल्य तथा मान्यतालाई सामाजिक दबाबबिना स्वस्फूर्त रूपमा स्वीकार गर्न सक्ने उदार व्यवहारको विकास गराउनु आवश्यक छ ।

अन्त्यमा, देशका तहगत शैक्षिक पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइमा नैतिकता, नागरिक शिक्षा, देशप्रेम र लोकतान्त्रिक मूल्य तथा मान्यतासम्बन्धी विषयवस्तु समावेश गर्न आवश्यक छ । अबको शिक्षाले कर्मशील, अनुशासित, राष्ट्रप्रेमी, उद्यमशील र लोकतान्त्रिक चरित्रले सुसज्जित जनशक्ति उत्पादन गर्नुपर्छ । यसका लागि आवश्यक राष्ट्रिय शिक्षा प्रणाली लागू गर्न राज्यले अब ढिलाइ गर्नु हुँदैन ।

# स्वास्थ्य बिमाको सास्ती

जनस्वास्थ्य



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*स्वास्थ्य बिमाले सहज उपचार दिनुपर्नेमा झन्झट, औषधि अभाव र प्रक्रियागत जटिलता थपेको छ । विशेषगरी दीर्घरोगी मारमा छन् । सरकारले औषधि उपलब्धता, रेफर प्रक्रिया र उपचार सुविधा सहज बनाउनुपर्छ । नसक्ने भए नागरिकलाई अनावश्यक सास्ती दिनुभन्दा कार्यक्रम बन्द गर्नु उचित हुन्छ ।*

सरकारले स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरे पनि यसको कार्यान्वयनमा अनेक जटिलता देखिएका छन् । वार्षिक तीन हजार पाँच सय रुपैयाँ तिरेपछि एक लाख रुपैयाँसम्मको उपचार खर्च व्यहोर्ने भनिएको कार्यक्रम सुरुमा केही क्षेत्रमा लागू गरी विस्तार हुँदै देशभर पुग्यो । तर, कार्यक्रम विस्तारसँगै सुविधा कटौती हुन थाल्यो । पहिले सहभुक्तानीको व्यवस्था थिएन । पछि प्रत्येक उपचारमा १० प्रतिशत सहभुक्तानी लागू गरियो । यसले उपचार खर्चको भार घटाउने अपेक्षा गरिए पनि बिरामीले सहज सुविधा पाउन सकेका छैनन् ।

बहिरंग सेवा (ओपिडी) र भर्ना भएर गरिने उपचारलाई अलग गर्दै ओपिडीका बिरामीले पाउने सुविधा एक लाखबाट घटाएर २५ हजार रुपैयाँमा सीमित गरिएको छ । बिरामीलाई प्राविधिक वर्गीकरणभन्दा शुल्क तिरेपछि तोकिएको सीमासम्म उपचार पाउनुपर्छ भन्ने थाहा हुन्छ । तर, व्यवहारमा त्यो सुविधा उपलब्ध हुन सकेको छैन ।

औषधिको सूची हरेक महिना फेरिने हुँदा एक महिनासम्म खाइरहेको औषधि अर्को महिना लिन जाँदा सूचीमा नभएको जवाफ पाइन्छ । पहिले तीन महिनाका लागि दिइने औषधि एक महिनामा सीमित गरिएको छ । एक दिन ढिलो भए पनि बिरामी फर्काइन्छ । औषधि आएको छ कि छैन भनेर सोध्दा कागज र छाप नभई जानकारी दिन नसकिने बताइन्छ ।

चिकित्सक भेट्न लामो समय कुर्नुपर्छ । प्रयोगशालाको रिपोर्ट नआउँदा फेरि चिकित्सक भेट्नुपर्ने हुन्छ । सबै रिपोर्ट आएपछि चिकित्सक भेट्दा बिमाको छाप लगाउने समय सकिन्छ । छाप लागे पनि फार्मेसी पुग्दा बन्द भइसकेको हुन सक्छ । भोलिपल्ट पुरानै छापले काम गर्दैन र प्रक्रिया फेरि दोहोऱ्याउनुपर्छ । छाप लगाएपछि पनि औषधि नपाइने समस्या छ । चिकित्सकले पाँच प्रकारका औषधि लेखिदिए पनि फार्मेसीमा एउटा मात्रै पाइन्छ, बाँकी नभएको जवाफ दिइन्छ । यस्तो व्यवस्थाले बिरामीलाई उपचारभन्दा बढी सास्ती दिएको छ ।

पहिले आवश्यक नपर्ने अवस्थामा पनि अहिले रेफर अनिवार्य गरिँदै छ । दीर्घरोगीले एकपटक रेफर लिएपछि आवश्यक उपचार एउटै स्थानबाट पाउनुपर्ने हो । तर, पटकपटक रेफर लिनुपर्ने र त्यसका लागि बिरामी आफैं उपस्थित हुनुपर्ने बाध्यता छ । एउटै परिवारका सदस्यले नियमित उपचार गराइरहेका अवस्थामा पनि कागजी प्रक्रियाका लागि अनावश्यक दुःख दिइन्छ । बिमा बोर्डले रेफर आवश्यक नपर्ने व्यवस्था गर्ने भने पनि त्यो व्यवहारमा लागू भएको छैन ।

दीर्घरोगीको समस्या झन् गम्भीर छ । एउटै परिवारका श्रीमान् र श्रीमतीलाई मधुमेहजस्ता दीर्घरोग छन् भने उनीहरूलाई नियमित औषधि चाहिन्छ । वार्षिक ८० हजार रुपैयाँभन्दा बढीको औषधि आवश्यक पर्ने अवस्थामा पनि पर्याप्त औषधि



पाइँदैन । नियमित रूपमा लिपिड परीक्षण, अल्ट्रासाउन्ड, आँखाको परीक्षण, एक्सरे तथा प्रयोगशाला परीक्षण गर्नुपर्ने हुन्छ । तर, बिमा गरिएको भए पनि आवश्यक सुविधा सहज रूपमा उपलब्ध छैन । यही कारण धेरैले बिमा नवीकरण गर्न छाडेका छन् ।

स्वास्थ्य बिमा व्यापार होइन, सेवा हो । फर्जी दाबी छन् भने तिनको छुट्टाछुट्टै छानबिन गर्नुपर्छ । सबैलाई एउटै डालोमा राखेर नाफा-घाटाको हिसाब मात्रै गर्नु उचित हुँदैन । देशमा दीर्घरोगीको संख्या बढिरहेको छ र वृद्धावस्थाका स्वास्थ्य समस्या पनि चर्कंदै छन् । हिँडडुल गर्न नसक्ने बिरामीलाई समेत बिमाले थप सास्ती दिएको छ । बिमितको आवश्यकता र उपचारको अवस्थालाई ध्यान नदिई लगानी र उठ्तीको हिसाब मात्रै हेरेर सेवा सञ्चालन गर्न सकिँदैन ।

औषधिको गुणस्तर र भण्डारणबारे पनि प्रश्न उठ्ने गरेका छन् । म्याद गुज्रिएका वा राम्रोसँग भण्डारण नगरिएका औषधि वितरण हुने गरेको गुनासो सुनिन्छ । औषधि सेवन गर्दा पनि मधुमेह नियन्त्रणमा नआएको गुनासोसमेत पाइन्छ । यस्ता विषयमा निष्पक्ष छानबिन गरी औषधिको गुणस्तर सुनिश्चित गर्न आवश्यक छ । सरकारी अस्पतालमा कहिले सर्भर डाउन हुने त कहिले लामो लाइन बस्नुपर्ने समस्याले बिरामीको समय र श्रम खेर गइरहेको छ । दुई सय रुपैयाँको औषधि पाउनसमेत ठुलो संघर्ष गर्नुपर्ने अवस्था हुनु विडम्बना हो ।

अब फेरि राष्ट्रिय परिचयपत्र (एनआइडी) अनिवार्य गर्ने भनिँदै छ । बिमा गर्दा नागरिकता वा परिचय खुल्ने कागजात पेस गरेरै बिमा गरिएको हुन्छ । शुल्क तिरेर सरकारसँग सम्झौता गरिसकेको अवस्थामा थप परिचयपत्र किन आवश्यक पऱ्यो ? कतिपय वृद्धवृद्धाले राष्ट्रिय परिचयपत्र बनाउने प्रक्रिया पूरा गर्नसमेत सकिरहेका छैनन् । यस्तो अवस्थामा थप कागजी प्रक्रिया थोपर्नुभन्दा उपचार सहज बनाउनुपर्छ ।

अतः दीर्घरोगीलाई कम्तीमा तीन महिनाका लागि आवश्यक औषधि समयमै उपलब्ध गराउने, अनावश्यक रेफर प्रक्रिया हटाउने र एक लाख रुपैयाँसम्मको उपचार सुविधा सहज बनाउने व्यवस्था गर्नुपर्छ । बिमा बोर्डमा नयाँ कार्यकारी नेतृत्व आएको छ । यसअघि पनि पटकपटक आग्रह गर्दा सुनुवाइ भएन, उल्टै जटिलता थपिए । अस्पतालमा करोडौं रुपैयाँ भुक्तानी बाँकी रहेको र औषधि खरिद गर्ने पैसा नभएको जवाफ पाइन्छ ।

अर्थ मन्त्रालयले आवश्यक रकम उपलब्ध गराउन सक्दैन भने कार्यक्रमको भविष्यबारे स्पष्ट निर्णय गर्नुपर्छ । एक लाख रुपैयाँसम्मको उपचार सुविधा दिने घोषणा गरेर २० हजार रुपैयाँको सुविधा पनि सहज रूपमा उपलब्ध गराउन नसक्ने हो भने नागरिकलाई यस्तो हैरानीबाट मुक्त गर्नुपर्छ । स्वास्थ्य बिमालाई प्रभावकारी, पारदर्शी र बिरामीमैत्री बनाउनु सरकार र बिमा बोर्डको जिम्मेवारी हो । नसक्ने हो भने नागरिकलाई आश्वासन र प्रक्रियाको चक्रमा घुमाइरहनुभन्दा कार्यक्रम बन्द गर्नु उचित हुनेछ ।

इतिहासको पाना ● रतन भण्डारी

## आफूलाई जनताको सेवक मान्ने राणा प्रधानमन्त्री



वि.सं. २००२ सालमा प्रधानमन्त्री जुद्धशमशेरले पदत्याग गरेपछि पद्मशमशेर श्री ३ महाराज तथा प्रधानमन्त्री बने । पद्मशमशेर जुद्धको तुलनामा उदार थिए । त्यसैले प्रधानमन्त्री बनेको दुई साताभित्रै पद्मशमशेरले 'म जनताको सेवक हुँ' भन्ने अभिव्यक्ति दिए । राणाकालको निरंकुश शासनकालमा प्रधानमन्त्रीले नै आफूलाई जनताको सेवक भन्नु अनौठो घटना थियो । त्यसमा पनि त्यो घोषणा गर्दा पद्मशमशेरका आँखा रसाएका थिए । अश्रुवर्षा नै भएकाले उनलाई 'रुन्चे महाराज' भनिएको इतिहासकारहरूले लेखेका छन् ।

पद्मशमशेरको उक्त अभिव्यक्ति गोरखापत्रमा भने अक्षरशः छापिएन । 'म जनताको सेवक हुँ' भन्ने वाक्यमा रहेको 'सेवक' शब्दको 'से' छुटाइयो र 'म जनताको ' वक' हुँ' भन्ने छापियो । निरंकुशतन्त्रका प्रधानमन्त्रीलाई 'सेवक' भनेर लेख्नु भोलि आफैंमाथि दशा आइलाग्नु पनि हुन सक्थ्यो । त्यसैले गोरखापत्रका सम्पादकले उक्त शब्द जानाजान चलाएर 'वक' मात्र राखेका थिए वा राणाशासकहरूबाट सेन्सर गरिएको थियो त्यो कुरा रहस्यको गर्भमै छ । सरदार भीमबहादुर पाँडेले भने उक्त कुराको जिम्मा भगवान्लाई छाडेका छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

## परदेशमा पनि दसैंको रौनक

# साउदीको दम्माममा नेपालीले लगाए टीका, साटे शुभकामना

**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरब, ८ कात्तिक



रोजगारीका लागि आफ्नो जन्मभूमि छाडेर साउदी अरबमा रहेका नेपालीहरूले परदेशमै नेपाली संस्कृति, परम्परा र चाडपर्वको मौलिकता जोगाउँदै दसैं मनाएका छन्।

यसैक्रममा इभेन्ट म्यानेजमेन्ट ग्रुप, जुबेलको आयोजनामा साउदी अरबको पूर्वी क्षेत्रमा पर्ने अल सफुवा फार्म हाउस रिसोर्टमा दसैंको शुभकामना आदानप्रदान तथा विजयादशमीको टीका-जमरा ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

शुक्रबार आयोजित कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए) का उपमहासचिव राजेन्द्र अर्याल र आईसीसी सदस्य रविना अर्यालको हातबाट सहभागी तथा आमन्त्रित व्यक्तिहरूले विजयादशमीको टीका ग्रहण गरेका थिए। कार्यक्रममा साउदी अरबमा सक्रिय विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधि, सदस्य तथा सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको ग्रुपका सक्रिय सदस्य तेजु श्रेष्ठले जानकारी दिए।

परदेशको व्यस्त कार्यतालिका, कामको जिम्मेवारी र पारिवारिक दूरीका बीच पनि नेपाली चाडपर्वलाई सामूहिक रूपमा मनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। स्वदेशमा परिवारसँग बसेर दसैं मनाउन नपाएका नेपालीहरूका लागि यस्ता कार्यक्रमले आफन्तजनको सम्झना, आत्मीयता र नेपालीपनको अनुभूति गराउने सहभागीहरूको विश्वास छ।

इभेन्ट म्यानेजमेन्ट ग्रुपले विगतदेखि नै वार्षिक रूपमा दसैंको टीका कार्यक्रम आयोजना गर्दै आएको छ। परदेशमा रहेका नेपालीबीच आपसी सद्भाव, एकता र भाइचारा अभिवृद्धि गर्नुका साथै नेपाली कला, संस्कृति र परम्परालाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

यस वर्ष साउदी अरबमा विकसित परिस्थितिका कारण केही उडान स्थगित हुँदा वडा दसैंमा घर फर्कने तयारीमा रहेका नेपाली र उनीहरूका परिवारसमेत प्रभावित भएका छन्। उडान अनिश्चितताका कारण कतिपय नेपालीले स्वदेश फर्केर परिवारसँग दसैं मनाउने योजना स्थगित गर्नुपरेको छ। यस्तो अवस्थामा परदेशमै आयोजना गरिएका सामूहिक टीका तथा शुभकामना आदानप्रदान कार्यक्रमले घरपरिवारबाट टाढा रहेका नेपालीलाई केही हदसम्म आत्मीयता र चाडपर्वको अनुभूति दिलाएको सहभागीहरूले बताएका छन्।

साउदी अरबको विभिन्न शहरको विभिन्न क्षेत्रमा कार्यरत नेपालीहरूले आफ्नो काम र अनुकूलताअनुसार टीकाको दिन वा अन्य उपयुक्त समयमा परिवार, आफन्त तथा साथीभाइसँग टीका-जमरा लगाएर दसैं मनाइरहेका छन्। रोजगारीका कारण घरपरिवारबाट टाढा रहनुपरे पनि सामूहिक भेटघाट र शुभकामना आदानप्रदानले उनीहरूमा चाडपर्वको उत्साह थपेको छ।

परदेशमा श्रम र पसिनासँगै नेपाली संस्कृति र परम्परालाई समेत जीवन्त राख्दै आएका नेपाली समुदायका यस्ता गतिविधिले विदेशमा नेपाली पहिचान र सामाजिक एकतालाई थप मजबुत बनाउने विश्वास गरिएको छ।

# राष्ट्रपति पौडेलद्वारा नवदुर्गाको विशेष पूजा तथा प्रसाद ग्रहण

**भक्तपुर/मस**-बडादसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको अवसरमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले भक्तपुरको नवदुर्गा मन्दिरमा सरिक भई नवदुर्गा भवानीको पूजाअर्चना गरी प्रसाद ग्रहण गरेका छन्।



प्रथम महिला सविता पौडेलसहित राष्ट्रप्रमुखका रूपमा नवदुर्गा मन्दिरमा दिउँसो पुगेका राष्ट्रपति पौडेलले नवदुर्गाको विशेष पूजा गरी फर्किएका हुन्।

राष्ट्रपति पौडेललाई रमेश कर्माचार्यले नवदुर्गाको सकल्प पूजा गराएका थिए। राष्ट्रपति पौडेलले नवदुर्गा देवगणका मूर्ति अवलोकन गरी दर्शन गरेका थिए। नवदुर्गाका मूल नाइके इन्द्रबहादुर बनमालाले नवदुर्गाको प्रसाद स्वरुप प्रदान गरेका नवदुर्गा भवानीको जमरा एवं टीका प्रसाद, फूलमाला, बिमिरो र पञ्चरंगी धागो उनले ग्रहण गरेका थिए।

नवदुर्गाका २८ जना देवगण, पुजारी तथा तलेजुका मूल नाइकेलाई राष्ट्रपति पौडेलले दक्षिणा प्रदान गरे। राष्ट्रपति पौडेललेलाई बागमति प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापति, भक्तपुर क्षेत्र नं. १ का संघीय सांसद रुकेश रञ्जित, गंगालक्ष्मी अवाल, प्रमुख जिल्ला अधिकारी विनोदबहादुर खड्कालगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुखलगायत विभिन्न व्यक्तिहरुले स्वागत गरेका थिए।

**एक लाख नगदसहित सम्मान**

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले भक्तपुरको नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थालाई बागमती प्रदेश सरकारको तर्फबाट एक लाख नगद प्रदान गरे। सम्मानपत्र राष्ट्रपति पौडेलले समितिलाई हस्तान्तरण गरे। नवदुर्गा जात्रा सञ्चालनका लागि हरेक वर्ष आर्थिक कठिनाई हुँदै आएको अवस्थामा अब प्रदेश सरकारले उद्योग तथा पर्यटन मन्त्रालयअन्तर्गत एक लाखसहित सम्मान गरेको मुख्यमन्त्री थापा मगरले बताए। नवदुर्गा जात्रा संरक्षणका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उनले बताए। विसं २०४५ मा भूकम्प गएपछि दैवीप्रकोपको घटनाले देश र जनताको हित एवं कल्याणका निमित्त तत्कालीन राष्ट्रप्रमुख यो पूजा अर्चनालाई निरन्तरता दिन थालेको नवदुर्गा मन्दिर व्यवस्थापन समितिका सल्लाहकार नारायणप्रसाद वनमालाले जानकारी दिए। नवदुर्गाअन्तर्गत ब्रम्हायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भद्रकालीको पूजा गरिन्छ।

# मोटरबोट दुर्घटना हुँदा तीनजनाको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ८ कात्तिक

धनकुटाको साँगुरीगढी गाउँपालिका-१० स्थित त्रिवेणीमा सप्तकोशी नदीमा मोटरबोट दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ भने तीनजना बेपत्ता भएका छन्। भोजपुरको हतुवागढी गाउँपालिका-९ कोप्चेबाट चालकसहित १५ जना सवार ओबीएम कम्पनीको मोटर बोट सुनसरीको चतरातर्फ जाने क्रममा ब्रेक फेल भएर दुर्घटनामा परेको प्रहरीले जनाएको छ।



दुर्घटनाको खबर पाएलगत्तै प्रहरी चौकी बराहक्षेत्र, सुनसरीबाट खटिएको प्रहरी टोलीले चालकसहित १२ जनाको जीवितै उद्धार गरी उपचारका लागि चतरा अस्पताल पठाएको थियो। अस्पताल पुऱ्याइएकामध्ये सुनसरीको बराहक्षेत्र-१ की ५२ वर्षीया लिला राई, करिब ६-७ वर्षीया बालिका र अन्दाजी ४०-५० वर्षका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते भएका भोजपुरको हतुवागढी गाउँपालिका-४ का ३१ वर्षीय मोहन सुनारको चतरा अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। मोटर बोटका चालक सुनसरीको बराहक्षेत्र-१ निवासी २४ वर्षीय सुमन मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# बाढीपहिरोमा बेपत्ता ५४ मलेसियालीका परिवारलाई ऋण भुक्तानीमा सहुलियत



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ८ कात्तिक

नेपालको भोटेकोशी नदी क्षेत्रमा आएको विनाशकारी बाढी तथा पहिरोमा परी बेपत्ता भएका ५४ जना मलेसियाली नागरिकका परिवारलाई मलेसियाका बैंकहरूले ऋण भुक्तानीमा विशेष सहुलियत उपलब्ध गराउने भएका छन्।

मलेसियाको केन्द्रीय बैंक 'बैंक नेगारा मलेसिया' (बिएनएम) र 'एसोसिएसन अफ बैंक्स इन मलेसिया' (एबिएम)को पहलमा प्रभावित परिवारलाई ऋणको किस्ता भुक्तानी स्थगन गर्ने तथा भुक्तानी प्रक्रियामा लचकता अपनाउने व्यवस्था गरिएको हो।

बाढीपहिरोपछि परिवारको मुख्य कमाउने सदस्य बेपत्ता हुँदा आर्थिक समस्यामा परेका परिवारलाई राहत पुऱ्याउने उद्देश्यले यस्तो व्यवस्था गरिएको जनाइएको छ। प्रभावित परिवारका सदस्यले नियमित आम्दानीको स्रोत गुमाउनुका साथै बैंकिङ तथा बिमासम्बन्धी प्रक्रिया पूरा गर्न कठिनाइ भोग्नुपरेको बताइएको छ।

**६ महिनासम्म किस्ता तिर्ने समय थपिने**

उपलब्ध विवरणअनुसार, प्रभावित परिवारलाई ऋणको किस्ता भुक्तानीमा अधिकतम छ महिनासम्मको सहुलियत दिने व्यवस्था गरिएको छ। एचएसबीसी र पब्लिक बैंकलगायतका बैंकहरूले प्रभावित ग्राहकका लागि भुक्तानीसम्बन्धी लचकता अपनाउने जनाइएको छ। यस अवधिमा लाग्ने ब्याज, ढिलो शुल्क तथा जरिवानाबारे भने सम्बन्धित बैंकको आधिकारिक सर्त र व्यक्तिगत ऋण सम्झौताअनुसार पुष्टि गर्नुपर्ने हुन्छ। सबै प्रभावित परिवारका लागि ब्याज तथा शुल्क पूर्ण रूपमा मिनाहा भएको विषयमा स्पष्ट आधिकारिक पुष्टि आवश्यक छ। बैंकहरूले प्रभावित परिवारलाई आवश्यक कागजात, ऋण भुक्तानी र अन्य प्रशासनिक प्रक्रिया पूरा गर्न सहजीकरण गर्ने व्यवस्था मिलाएको बताइएको छ। परिवारको अवस्था मूल्यांकन गरी उपयुक्त सहुलियत उपलब्ध गराउनु यस पहलको मुख्य उद्देश्य रहेको छ।

नेपालमा आएको बाढीपहिरोका कारण बेपत्ता भएका नागरिकका परिवारलाई आर्थिक तथा प्रशासनिक समस्या थपिन नदिन मलेसियाको बैंकिङ क्षेत्रले सहयोगको पहल गरेको हो।

यसैबीच, नेपालमा बाढीपहिरोपछि पुनर्निर्माणका लागि मलेसिया सरकारले १० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराएको भन्ने विवरणसमेत सार्वजनिक भएको छ। उक्त सहयोगको रकम, घोषणा मिति र आधिकारिक स्रोतबाट पुष्टि भएपछि त्यससम्बन्धी विवरण थप स्पष्ट हुनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/०८ मा दर्ता भएको **प्रा. लि. नं. १८४१५०/०७४/०७५** को **वृद्धी स्पेयर्स एण्ड सर्भिस प्रा. लि.** को मिति २०८३/०७/०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम खारेजी लिक्वडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै प्रकारको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२,**
**ठेगाना : त्रिपुरेश्वर काठमाडौं,**
**फोन नं. ९८५१००६०४६**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५।०८।०२ मा दर्ता भएको **प्रा.लि. नं. ५७६२६** को **सगरमाथा नेपाल पोलिप्रोडक्टस** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६२।१०।२५ मा दर्ता भएको **प्रा.लि. नं. ३८२४०** को **लुम्बिनी इनर्जी कम्पनी** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०६१।०९।२३ मा दर्ता भएको **प्रा.लि. नं. ३२३९३** को **सप्तकोशी ट्रेनिङ सेन्टर** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**साइप्रसमा रोजगार**
कम्पनी: D.I. MAIN-LINE JOB AGENCY — शहर: CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०८/१४ — चलानी नं.: ६०२४८०४३ — LT. No.: 334042 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | स. काममा दक्ष | 700 | १,१८,९७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BASANTA EMPLOYMENT PVT. LTD.** License No: 1752/081/082
Sinamangal-9, Kathmandu, Nepal, Ph No: +977-1-4534056, +977 9848359334, 9709090813
Jhapa Contact No : 9700071671, Email: basantakhadkaofficial@gmail.com, info.basantaemt@gmail.com,
Web: www.basantaemployment.com

**युएईमा रोजगार**
कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/३० — चलानी नं.: ६०२४३१९७ — Lt No. 329396 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 105 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 74 | 0 | | 1500 | ६१,९६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ कातिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**मित्र ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८, ९८१३९७१०८१
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नः ०२५-५८०६८९, ९८०४३५६७५६

**युएईमा रोजगार**
कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ — चलानी नं.: ६०२३०४४९ — LT. No.: 316204 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३७,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Boy | 10 | 0 | | 1000 | ४१,३१० | | | | | | | |
| 3. | General Assistant | 1 | 0 | | 900 | ३७,१७९ | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०२/१९ — चलानी नं.: ६०२३९८८९ — LT. No.: 324966 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 12 | 13 | सम्बन्धित काममा दक्ष | 1000 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 2 | 0 | | 1000 | ४१,३१० | | | | | | | |
| 3. | General Worker | 5 | 0 | | 1000 | ४१,३१० | | | | | | | |
| 4. | General Worker | 13 | 0 | | 900 | ३७,१७९ | | | | | | | |
| 5. | General Worker | 9 | 0 | | 1000 | ४१,३१० | | | | | | | |
| 6. | General Worker | 5 | 0 | | 1000 | ४१,३१० | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/०५ — चलानी नं.: ६०२४१२५० — LT. No.: 327089 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ७४,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 24 | | 1100 | ६६,०९६ | | | | | | | |
| 3. | Waiters | 1 | 0 | | 900 | ६६,०९६ | | | | | | | |
| 4. | Housekeeping Supervisor | 0 | 15 | | 1100 | ८२,६२० | | | | | | | |
| 5. | Confectioners | 0 | 20 | | 1100 | ६६,०९६ | | | | | | | |
| 6. | Storekeeper | 11 | 0 | | 1100 | १,०३,२७५ | | | | | | | |
| 7. | General Cook | 11 | 0 | | 1100 | १,०३,२७५ | | | | | | | |
| 8. | Head Chef | 10 | 0 | | 1100 | १६,५२४० | | | | | | | |
| 9. | Catering Manager | 4 | 0 | | 1100 | २,४७,८६० | | | | | | | |
| 10. | Executive Secretary | 0 | 5 | | 1100 | ७४,३५८ | | | | | | | |
| 11. | BAKER | 21 | 0 | | 1100 | ६१,९६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कातिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**RELIABLE MANPOWER RECRUITMENT PVT LTD** Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

**युएईमा रोजगार**
कम्पनी: FIVE KEYS HOSPITALITY SERVICES- L.L.C — शहर: ABU DHABI
पुर्व स्वीकृत मिति: २०८१/१२/०९ — चलानी नं.: ६०२३४९३० — L.T. No.: 320900 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 12 | 26 | सम्बन्धित काममा दक्ष | 1200 | ४९५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiters | 24 | 0 | | 1200 | ४९५७२ | | | | | | | |
| 3. | Waitress | 0 | 28 | | 1200 | ४९५७२ | | | | | | | |

Criteria:
1. Fluent English, 2. Age Below 30, 3. Minimum 3 Years Experience Related Field, Original Passport With Genuine CV With Photo & Experience Certificate

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १७ र २१ गते (3 & 7 November 2026) मा हुनेछ।**
**अन्तर्वार्ता बाजेको सेकुवा नागढुङ्गा, पोखरामा २०८३ कार्तिक १८,१९,२० गते (4,5,6 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**SUN LIGHT HUMAN RESORUCE PVT. LTD.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296.

**बहराइनमा रोजगार**
कम्पनी : Mountain Hills Services And Maintenance Company WLL — शहर : Bahrain
पूर्व स्वीकृत मिति : २०८२/०७/२५ — चलानी नं.: ६०२४७२३३ — LT. No.: 333590 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | rope access-level 1 | 7 | 0 | स. काममा दक्ष | 200 | ८०५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**सदिक्षा ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल, फ्याक्स : ४३८६५२५
फोन नं: 014980181/014988200/014986525/9851130592
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

**साउदीमा रोजगार**
कम्पनी : DUYUF NAKHLA ESTABLISHMENT — शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०६/३० — चलानी नं.: ६०२६२६५७ — LT. NO.: 349470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ४०४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोनः ४९५८७८६, ४९८५३७३, Contact No : 9851087428, 9841731502

**साइप्रसमा रोजगार**
कम्पनी : COSTAS THEODOROU — शहर : LARNACA
पूर्व स्वीकृत मिति: २०८३/०५/३० — चलानी नं.: ६०२६१०४९ — LT. No.:347879

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 8 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १३५९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Warehouse Assistant | 6 | 0 | | 750 | १२७४७७ | | | | | | | |
| 3. | Labourer | 2 | 0 | | 700 | ११८९७९ | | | | | | | |
| 4. | Technician | 2 | 0 | | 700 | ११८९७९ | | | | | | | |
| 5. | Cook | 3 | 0 | | 1000 | १६९९७० | | | | | | | |
| 6. | Food Handler | 4 | 0 | | 650 | ११०४८० | | | | | | | |

कम्पनी : COSTAS THEODOROU — शहर : LARNACA
पूर्व स्वीकृत मिति: २०८३/०५/३० — चलानी नं.: ६०२६१०४८ — LT. No.:347878

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 5 | सम्बन्धित काममा दक्ष | 750 | १२७४७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 0 | 2 | | 750 | १२७४७७ | | | | | | | |
| 3. | Cashier | 0 | 2 | | 700 | ११८९७९ | | | | | | | |
| 4. | Costumer Service | 0 | 2 | | 650 | ११०४८० | | | | | | | |
| 5. | Sales Girl | 0 | 4 | | 700 | ११८९७९ | | | | | | | |
| 6. | Employee | 0 | 10 | | 800 | १३५९७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ कार्तिक १६ गते (2 November 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।
**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.** Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

# विप्रेषणलाई उत्पादनशील लगानीमा जोड्नुपर्नेमा डेपुटी गभर्नर रावलको जोड

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ८ कात्तिक



नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर दीर्घबहादुर रावलले विप्रेषणलाई उत्पादन, बचत र लगानीसँग जोड्नुपर्नेमा जोड दिएका छन् । कतारमा आयोजित 'विप्रेषण, हुन्डी र वित्तीय समावेशीकरण' विषयक छलफलमा डेपुटी गभर्नर रावलले विप्रेषणलाई उत्पादन, बचत र लगानीसँग जोड्नुपर्नेमा जोड दिएका हुन् ।

विदेशमा नेपाली श्रमिकले दुःख गरेर कमाएको रकमले परिवारको जीवनस्तर सुधार्नुका साथै देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याए पनि त्यसको वास्तविक आर्थिक प्रभाव आम्दानी, पारिवारिक खर्च, बचत र लगानी गर्ने क्षमतामा निर्भर रहने उनले बताए ।

कतारस्थित नेपाली राजदूतावासमा आयोजित कार्यक्रममा रावलले बैंकिङ प्रणालीमा विप्रेषण जम्मा हुँदैमा उत्पादन स्वतः नबढ्ने उल्लेख गर्दै प्राप्त रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने वातावरण बनाउनुपर्ने बताए । न्यून आम्दानी भएका श्रमिकको अधिकांश रकम घरायसी खर्चमा उपयोग हुने भए पनि बढी आम्दानी गर्नेले आवश्यक खर्च कटाएर बचत तथा लगानी गर्न सक्ने उनको भनाइ थियो । विदेशी मुद्रा सञ्चिति पर्याप्त हुँदा र सीमित हुँदा अपनाउनुपर्ने नीतिमा फरक पर्ने उल्लेख गर्दै उनले खाडी क्षेत्रको आर्थिक गतिविधि र अन्तर्राष्ट्रिय परिस्थितिले नेपाली श्रमिकको रोजगारी तथा विप्रेषण प्रवाहमा पार्न सक्ने प्रभावलाई ध्यानमा राखेर नीति निर्माण गर्नुपर्ने बताए ।

विप्रेषणको औपचारिक माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन गर्ने, रकम पठाउँदा लाग्ने शुल्क घटाउने र प्राप्त रकमलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने विषयमा छलफलबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको रावलले बताए । विप्रेषणको सकारात्मक प्रभाव बढाउन र यससँग जोडिएका आर्थिक तथा सामाजिक चुनौती सम्बोधन गर्न सरकार, वित्तीय संस्था र सरोकारवालाबिच सहकार्य आवश्यक रहेको उनले उल्लेख गरे ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव देवराज जोशीले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार भएको बताए । विदेशमा नेपाली श्रमिकले कमाएको रकम औपचारिक माध्यमबाट भित्र्याई शिक्षा, स्वास्थ्य, उद्यमशीलता र उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने उनको भनाइ थियो ।

विप्रेषणको औपचारिक प्रवाह बढाउन वित्तीय प्रणालीलाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउनुपर्ने उल्लेख गर्दै जोशीले वित्तीय समावेशिता, डिजिटल भुक्तानी, उपभोक्ता तथा तथ्यांक सुरक्षा र सम्पत्ति शुद्धीकरण नियन्त्रणमा जोड दिए । नेपाललाई अन्तर्राष्ट्रिय निगरानीको ग्रे लिस्टबाट बाहिर निकाल्न वित्तीय अनुशासन र पारदर्शिता आवश्यक रहेको उनले बताए ।

कार्यक्रममा सहभागी नेपाली श्रमिक तथा प्रतिनिधिले कतारबाट नेपालमा रेमिट्यान्स पठाउँदा प्रोत्साहन रकम उपलब्ध गराउन सरकारसँग माग गरेका थिए । बंगलादेशी श्रमिकले आफ्नो देशमा रकम पठाउँदा २.५ प्रतिशत अतिरिक्त रकम पाउने व्यवस्थाको उदाहरण दिँदै नेपाली श्रमिकलाई पनि त्यस्तै सुविधा उपलब्ध गराउनुपर्ने उनीहरूको सुझाव थियो ।

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनसिसी) कतारका अध्यक्ष कृष्ण पन्थीले कतारबाट नेपालमा रेमिट्यान्स पठाउँदा लाग्ने शुल्क कम्तीमा ५० प्रतिशत घटाउन माग गरे । पहिले १८ कतारी रियाल रहेको शुल्क बढेर २३ रियालसम्म पुगेको उल्लेख गर्दै उनले महँगो शुल्कका कारण श्रमिक औपचारिक माध्यमबाट रकम पठाउन निरुत्साहित भएको बताए । शुल्क घटाउन नेपाल सरकारले कतार सरकारसँग द्विपक्षीय पहल गर्नुपर्ने उनको भनाइ थियो ।

नेपाली व्यवसायी संघ कतारका सचिव सुनीलकुमार घिमिरेले रकम पठाउँदा आयस्रोत प्रमाणित गर्ने प्रक्रियामा देखिएका झन्झट हटाउनुपर्ने बताए । सानो रकम पठाउँदासमेत एकदेखि दुई सातासम्म रोकिने अवस्था रहेको उल्लेख गर्दै उनले कम्तीमा १५ हजार अमेरिकी डलरसम्मको विप्रेषण प्रक्रियालाई सहज बनाउनुपर्ने धारणा राखे । नेपालमा रोजगारी सिर्जना गर्न कृषि उपज र स्वदेशी कच्चापदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिनुपर्ने उनको सुझाव थियो ।

नेपाल राष्ट्र बैंकका निर्देशक अधिवक्ता डा. हरिकुमार नेपालले गैरआवासीय नेपालीको लगानीमा देखिएका कानुनी तथा नीतिगत अन्योल हटाउनुपर्ने बताए । कम्पनी दर्ता, लगानी परिचालन र सेयर बजारमा प्रवेशका विषय फरक भएकाले तिनलाई एउटै रूपमा बुझ्न नहुने उनको भनाइ थियो । एनआरएन फन्डमा सरकारले पाँचदेखि १० प्रतिशतसम्म लगानी गरे अन्य लगानीकर्ताको विश्वास बढ्न सक्ने धारणा राख्दै उनले लगानी प्रक्रिया स्पष्ट र बैंकिङ सेवा सहज बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा विप्रेषणको औपचारिक प्रवाह बढाउने, हुन्डी निरुत्साहित गर्ने, वित्तीय साक्षरता विस्तार गर्ने तथा विदेशमा आर्जित रकमलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने विषयमा छलफल भएको थियो । डेपुटी गभर्नर रावलको नेतृत्वको प्रतिनिधिमण्डलको सहकार्य तथा उपस्थितिमा आयोजित कार्यक्रमको समापन कतारका लागि नेपाली कार्यवाहक राजदूत कुमार राईले गरेका थिए । कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव, राष्ट्र बैंकका अधिकारी, नेपाली व्यवसायी, एनसिसी कतारका प्रतिनिधि, दूतावासका अधिकारी तथा विभिन्न रेमिट्यान्स कम्पनीका प्रतिनिधिको सहभागिता थियो ।

# घोडेपानी–पुनहिलमा पर्यटकको चहलपहल



**म्याग्दी/रासस–** पूर्वी क्षितिजमा लाली चढ्दै गर्दा पुनहिलको टाकुरा पर्यटकले भरिन थाल्छ । कोही क्यामेरा तेर्स्याउँछन्, कोही मोबाइलमा दृश्य कैद गर्न व्यस्त हुन्छन् । चराहरूको चिरबिरसँगै बिस्तारै खुल्दै जान्छन्, हिमाल । सूर्यको पहिलो किरण हिउँचुचुरामा पर्दा सेता हिमशृंखला सुनौलो रङमा चम्किन्छन् । प्रकृतिको यही अनुपम दृश्यले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ । मनसुन सकिएपछि खुलेको नीलो आकाश, लहरै देखिने हिमाल र चिसो मौसमसँगै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिलमा पर्यटकको चहलपहल बढेको छ ।

दसैंतिहारको बिदा मनाउन र प्रकृतिसँग रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा यो गन्तव्य पर्न थालेको हो । दसैंअघि सुनसान बनेको घोडेपानी पुनहिलमा पछिल्ला दिनमा पाहुनाको आगमन बढ्न थालेको घोडेपानीका होटल व्यवसायीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताए । 'विपद्का कारण असोज महिनामा सुनसान भएको थियो,' उनले भने, 'कात्तिक महिनाको सुरुआतसँगै दैनिक २०० जना बिदेसी र ५० जनाको हाराहारीमा नेपाली पर्यटक आएका छन् । 'पोखराबाट घुम्न आएका सन्तोष बरालले घोडेपानी-पुनहिलको प्राकृतिक सौन्दर्यले मोहित बनाएको बताए । सहरको व्यस्त दैनिकीबाट केही समय टाढा रहेर हिमाल, वनजंगल र शान्त वातावरणमा रमाउन पाएको उनले बताए । चाडपर्वको बिदालाई घुमफिर र नयाँ अनुभवका लागि उपयोग गर्ने चलन बढेको छ ।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल घोडेपानीको प्रमुख आकर्षण हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, मानापाथी, माछापुच्छ्रे, मनासलु र बराह शिखरलगायत १५ भन्दा बढी हिमाली टाकुराको अवलोकन गर्न सकिन्छ । मौसम खुलेका बेला टाढाटाढासम्म फैलिएका हिमशृंखला आँखैअघि उभिएझैं देखिने स्थानीय व्यवसायी सुरेश पुनले बताए । सूर्योदयसँगै सूर्यास्त र हिमाली दृश्यावलोकनका लागि पनि पर्यटक यहाँ पुग्ने गर्छन् । बिहान पुनहिलमा सूर्योदय हेरेपछि पर्यटक घोडेपानी फर्केर आसपासका वनजंगल, गाउँबस्ती र प्राकृतिक सम्पदाको अवलोकन गर्छन् ।

शान्त वातावरण र हरियालीले यात्राको थकान बिर्साउन सहयोग गर्ने पोखराकी रोजी श्रेष्ठले बताइन् । 'बिहान हिमालमा उदाउने सूर्य, दिनभरि देखिने हिमशृंखला र प्रकृतिको शान्त वातावरणले लोभ्यायो,' उनले भनिन्, 'प्रकृतिप्रेमीका लागि घोडेपानी-पुनहिललाई चाडपर्वको बिदा मनाउने र छोटो पदयात्रा गर्ने पर्यटकको लागि उपयुक्त छ ।' घोडेपानीका होटल व्यवसायी टेकसर बुद्धुजा पुनका अनुसार पर्यटकको आगमन बढेसँगै होटल व्यवसायी व्यस्त भएका छन् । घोडेपानीमा दैनिक एक हजारजना बास बस्न सक्ने २५ वटा सुविधायुक्त होटल छन् ।

चाडपर्वको बिदा र अनुकूल मौसमका कारण आगामी दिनमा पर्यटक अझै बढ्ने अपेक्षा गरिएको होटल व्यवसायी पुनले बताए । पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोडेपानी-पुनहिल छोटो अवधिको पदयात्राका लागि पनि लोकप्रिय छ । पोखराबाट कास्कीको नयाँपुल हुँदै उल्लेरीको बाटो पदयात्रा गरेर यहाँ पुग्न सकिन्छ ।

म्याग्दीको पोखरेबगर, घार र शिख हुँदै सडकमार्गबाट पनि घोडेपानी पुग्न सकिन्छ । घोडेपानीबाट करिब आधा घण्टाको पैदल यात्रापछि पुनहिल पुगिन्छ । पर्यटक पथप्रदर्शक सुन्दर बन्जाराका अनुसार यहाँको मुख्य आकर्षण हिमाली दृश्य र सूर्योदय हो । अनुकूल मौसममा एकै स्थानबाट धेरै हिमालको अवलोकन गर्न पाइने भएकाले पर्यटक घोडेपानी-पुनहिलप्रति आकर्षित हुने गरेका छन् । घोडेपानी र पुनहिलको पर्यटन इतिहास पनि रोचक छ । कुनै समय स्थानीय किसानको चरन क्षेत्र रहेको लुङटुङ डाँडा अहिले पुनहिलका नामले विश्व पर्यटन बजारमा परिचित छ ।

भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले यस डाँडाको नामकरण गरी पर्यटन विकासको जग बसालेको स्थानीय व्यवसायी बताउँछन् । उनको स्मृतिमा पुनहिलमा दृश्यावलोकन स्थलसमेत निर्माण गरिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा समेटिएपछि यस क्षेत्रको प्रचारप्रसारले अन्तर्राष्ट्रियस्तरमा विस्तार पाएको हो । प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, जैविक विविधता र स्थानीय संस्कृति यहाँका थप आकर्षण हुन् । पछिल्लो समय विभिन्न क्षेत्रमा आएको बाढीपहिरोले नेपालको पर्यटन क्षेत्रमा असर पारेको भए पनि घोडेपानी-पुनहिल, घान्द्रुक र अन्नपूर्ण आधार शिविर क्षेत्रमा प्रत्यक्ष असर नपरेको पर्यटन व्यवसायीले बताएका छन् । विपद्बाट प्रभावित क्षेत्रका कारण समग्र नेपालको पर्यटन असुरक्षित रहेको सन्देश जान नदिन सुरक्षित गन्तव्यको वास्तविक अवस्था प्रचारप्रसार गर्नुपर्ने उनीहरूको भनाइ छ ।

# असोजमा ६ अर्ब रुपैयाँको विद्युत् निर्यात

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ कात्तिक



नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष (आव) २०८३/८४ को असोज महिनामा भारततर्फ ५ अर्ब ९२ करोड ५० लाख रुपैयाँबराबरको विद्युत् निर्यात गरेको छ । बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भई निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आर्थिक वर्ष भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ । यसैबीच, भारतको प्रसारण प्रणाली प्रयोग गरी बंगलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात पनि पुनः सुरु भएको छ ।

नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभागको तथ्यांकअनुसार असोज महिनामा भारततर्फ कुल ६३ करोड ३९ लाख ८६ हजार ८ युनिट विद्युत् निर्यात भएको छ । उक्त विद्युत् बिक्रीबाट ५ अर्ब ९२ करोड ५० लाख रुपैयाँबराबरको कारोबार भएको हो । असोज महिनामा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो । द्विपक्षीय विद्युत् बिक्री सम्झौताअनुसार भारतको हरियाणा तथा बिहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजारको डे-अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो । प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षायामको विद्युत् प्रत्येक वर्ष भारत एवम् बंगलादेशमा निर्यात गर्दै आएको छ । द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा बिहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ ।

गत वर्ष २०८२ को असोज महिनामा भारततर्फ विद्युत् निर्यातबाट ४ अर्ब ९६ करोड ३० लाख रुपैयाँबराबरको कारोबार भएको थियो । चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम ५ अर्ब ९ करोड २५ लाख रुपैयाँ रहेको थियो । यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम ९६ करोड २० लाख रुपैयाँले र भदौको तुलनामा ८३ करोड २५ लाख रुपैयाँले बढेको छ । चालु आर्थिक वर्षको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत् निर्यातबाट कुल १६ अर्ब १५ करोड १३ लाख रुपैयाँबराबरको कारोबार भएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोज महिनामा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताए । उनका अनुसार असोज महिनामा भारततर्फ निर्यात गरिएको कुल विद्युत् परिमाणमध्ये करिब दुईतिहाइ द्विपक्षीय सम्झौताअनुसार र बाँकी आइएक्समार्फत बिक्री गरिएको थियो ।

## बंगलादेशतर्फ पुनः ४० मेगावाट विद्युत् निर्यात सुरु

नेपालबाट भारतको प्रसारण संरचना प्रयोग गरी बंगलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात गत शुक्रबार, कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बंगलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुऱ्याएपछि निर्यात रोकिएको थियो । बाढीका कारण द्विपक्षीय सम्झौता बमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिक रूपमा प्रभावित भएको थियो । भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अन्य जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बंगलादेशतर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएपछि निर्यात पुनः सुरु भएको प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बताए । कार्यकारी निर्देशक श्रेष्ठले बाढीबाट प्रभावित जलविद्युत् आयोजनाको उत्पादन तथा प्रसारण संरचनामा परेको असरका बाबजुद अन्य आयोजनाबाट विद्युत् निर्यातलाई निरन्तरता दिन सकिनु र बंगलादेशतर्फको निर्यात पुनः सुरु हुनु नेपालको विद्युत् व्यापारका लागि महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गरे । यसबाट वर्षायाममा उत्पादन हुने अतिरिक्त विद्युत्को बजार व्यवस्थापन तथा क्षेत्रीय विद्युत् व्यापार विस्तारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको उनले बताए ।

नयाँ व्यवस्थाअनुसार त्रिशूली, देवीघाट र चिलिमे जलविद्युत् केन्द्रको सट्टा सोलु, काबेली-१ र तल्लो मोदी जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बंगलादेश तथा हरियाणातर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएको हो ।

# मिहिनेत र लगानीअनुसारको मूल्य पाउँदैनन् दुग्ध किसान



**दाङ/रासस–** दाङका दुग्ध उत्पादक किसानले मिहिनेत र लगानीअनुसारको मूल्य पाउन नसक्दा मारमा परेका छन् । पशुपालन व्यावसायमा दुःख, मिहिनेत धेरै गर्नुपर्ने भए पनि त्यसअनुसार मूल्य नपाउँदा मारमा परेका हुन् ।

दूध उत्पादन गर्ने किसानले उचित मूल्य नपाउने र उपभोक्ताले भने तुलनात्मक रूपमा महँगो मूल्य तिर्नुपर्ने अवस्थाले दूधको मूल्य शृंखलामा समस्या रहेको देखिएको छ । उत्पादनदेखि उपभोक्तासम्म पुग्ने क्रममा हुने लागत र मुनाफाको पारदर्शी विवरण सार्वजनिक हुनुपर्ने किसानहरूको माग छ । किसानलाई उत्पादनमा प्रोत्साहन गर्ने हो भने दूधको उचित मूल्य सुनिश्चित गर्नुपर्ने उनीहरूको भनाइ छ ।

किसानबाट न्यून मूल्यमा दूध खरिद गर्ने डेरी तथा व्यवसायीले उपभोक्तालाई महँगोमा बिक्री गर्दा उत्पादनकर्ता र उपभोक्ता दुवै प्रभावित भएका छन् । घोराही उपमहानगरपालिका-२ रामपुरमा ग्रिन लक्ष्मी गाई तथा भैंसी फार्म सञ्चालन गर्दै आएका गोपाल खनालले दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गर्छन् ।

उत्पादित दूधमध्ये करिब ६५ लिटर डेरीलाई बिक्री गर्ने गर्नुभएको छ भने बाँकी दूध घरघरमा उपभोक्तालाई बिक्री गर्दै आएको बताउँछन् । खनालका अनुसार डेरीलाई दूध बिक्री गर्दा भैंसीको दूधको प्रतिलिटर ७५ रुपैयाँ भन्दा बढी मूल्य पाउने अवस्था छैन ।

गाईको दूधको मूल्य भने प्रतिलिटर ६५ रुपैयाँ मूल्य पाउने गरेका छन् । तर, त्यही दूध डेरी व्यवसायीले उपभोक्तालाई प्रतिलिटर रु एक सयसम्ममा बिक्री गर्ने गरेका छन् । गाई र भैंसीको दूध छुट्टाछुट्टै उत्पादन लागत भए पनि उपभोक्ताले भने दुवै प्रकारको दूधका लागि करिब समान मूल्य तिर्नुपर्ने अवस्था रहेको उनले बताए । 'मूल्य निर्धारण गर्दा कृषकको सहभागिता समेत गराइँदैन,' उनले भने ।

दूध उत्पादनमा लाग्ने दाना, चोकर, घाँस, औषधि तथा पशु उपचारलगायतको खर्च बढ्दै गए पनि किसानले पाउने मूल्य सोहीअनुसार वृद्धि हुन नसकेको उनले बताए । उत्पादन लागत बढ्दै जाँदा किसानको आम्दानी घट्ने अवस्था आएको उनको भनाइ छ । किसानको लागत बढे पनि दूधको मूल्यमा अपेक्षित वृद्धि नभएको अवस्थामा डेरी व्यवसायीले भने दूधबाट उत्पादन हुने दही, पनिर र घिउको मूल्य बढाएका छन् । व्यवसायी समिति घोराहीले असोज १५ गतेदेखि लागू हुनेगरी मूल्य वृद्धि गरेका हुन् । लागत वृद्धि भएको कारण देखाउँदै ती वस्तुको मूल्य बढाएको जनाएका छन् ।

हाल दही प्रतिलिटर १४० रुपैयाँ, पनिर प्रतिकिलो ९०० रुपैयाँ र घिउ प्रतिकिलो रु एक हजार ४५० बनाएका छन् । घोराहीका एक कृषकले प्रतिलिटर ७० देखि ७५ रुपैयाँसम्ममा दूध बिक्री गर्ने गरेको बताउँछन् । आफैंले मोटरसाइकलमा सम्बन्धित स्थानसम्म दूध पुऱ्याउने भएकाले प्रतिलिटर ७५ रुपैयाँसम्म मूल्य पाउने गरेको उनको भनाइ छ । तर, दूध बजारसम्म पुऱ्याउँदा हुने यातायात खर्च, समय र श्रमका कारण वास्तविक आम्दानी अझ कम हुने गरेको बताए ।

लगानी र श्रम गरे पनि मूल्य निर्धारणमा आफूहरूको भूमिका कमजोर रहेको किसानको गुनासो छ । पशुपालनका लागि आवश्यक दाना, औषधि, श्रमिक, विद्युत्, पानी तथा पशु स्वास्थ्य सेवाको लागत बढ्दै गए पनि दूधको मूल्य भने लागतअनुसार समायोजन हुन नसकेको उनीहरूको भनाइ छ । किसानहरूले दूधको मूल्य निर्धारण गर्दा उत्पादन लागतको वैज्ञानिक हिसाब गर्नुपर्ने, किसानको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने र बजारसम्म दूध पुऱ्याउँदा लाग्ने खर्चको पनि मूल्यांकन गर्नुपर्ने माग गरेका छन् ।

# तनहुँमा तरकारी र धान खेतीको क्षेत्रफल विस्तार



**तनहुँ/मस–** तनहुँमा व्यावसायिक तरकारी तथा धान खेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका तरकारी र धान जोनमार्फत खेतीको क्षेत्रफल बढ्नुका साथै हजारौं किसान लाभान्वित भएका छन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुंगानाका अनुसार तनहुँमा तरकारी जोन सुरु भएयता दुई सय १८ हेक्टर र धान जोन सुरु भएयता ८५ हेक्टर क्षेत्रफल वृद्धि भएको छ । तनहुँमा आर्थिक वर्ष २०७५-७६ देखि तरकारी जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा पाँच सय पाँच हेक्टर क्षेत्रफलमा सञ्चालन भएको तरकारी जोन अहिले विस्तार भएर सात सय २३ हेक्टर पुगेको छ । यस अवधिमा तरकारी खेतीको क्षेत्रफल दुई सय १८ हेक्टरले बढेको हो । त्यस्तै, आर्थिक वर्ष २०७९-८० देखि धान जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा पाँच सय हेक्टर क्षेत्रफलमा रहेको धान जोन अहिले विस्तार भएर पाँच सय ८५ हेक्टर पुगेको छ । धान खेतीको क्षेत्रफल पनि ८५ हेक्टरले वृद्धि भएको छ ।

तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्धेश्यले सञ्चालन गरिएका यी कार्यक्रमले खेतीको क्षेत्रफल विस्तार गर्न सहयोग पुऱ्याएको ढुंगानाले बताए । तनहुँको आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा तरकारी जोन कार्यक्रम सञ्चालन भइरहेको छ । यी क्षेत्रमा तरकारी उत्पादनलाई व्यवस्थित गर्दै व्यावसायिक खेतीको क्षेत्र विस्तार गर्ने उद्धेश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । तरकारी जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि विकास अधिकृत ढुंगानाले जानकारी दिए । यस जोनबाट हालसम्म एक हजार ९ सय ८९ जना लाभान्वित भएका छन् ।

किसान, सहकारी, समूह तथा कृषि उद्यमीलाई समेटेर कार्यक्रम सञ्चालन गर्दा उत्पादनलाई व्यावसायिक स्वरूप दिन र कृषि क्षेत्रमा आबद्ध जनशक्तिलाई संगठित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । धान जोन कार्यक्रम तनहुँको व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ । धान उत्पादनको क्षेत्र विस्तार तथा खेतीलाई व्यावसायिक बनाउने उद्देश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । धान जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमबाट एक हजार ८ सय ३८ जना लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७९-८० मा पाँच सय हेक्टर क्षेत्रफलबाट सुरु भएको धान जोन अहिले पाँच सय ८५ हेक्टरमा विस्तार भएको छ । तरकारी र धान जोन कार्यक्रमबाट तनहुँमा कुल तीन हजार आठ सय २७ जना लाभान्वित भएका छन् । तीमध्ये तरकारी जोनबाट एक हजार एक सय ८९ र धान जोनबाट एक हजार आठ सय ३८ जना लाभान्वित भएका छन् ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**